# अध्याय एक :

# परिचय

## १.१अध्ययनको पृष्ठभुमि

आठपहरिया जाति धनकुटा बजार, बिहिबारे हाट, कर्मिटोल, बसपार्क, सान्ताङ, टेकुनाला, छारागाउँ, डाँडागाउ, भीरगाउँर बेलाहारा आदि ठाउँमा बसोबास गर्दछ । आठपरे/आठप्रे नामले समेत चिनिने यो समुदायमा धनकुटेली, बेलाहारे र भीरगाउँले गरी ३ समुदायमा विभक्त भएका छन् । आठपहरिया किरात राई समाजको अनुसार आफ्नै राज्य भएको र त्यसलाई जोगाउन आठै प्रहार खटेकाले आठप्रे आठपहरिया भएको दावी छ ।

यस समुदाय भित्रपनि करिब २२ पाछाहरु छन् । मावुङ, छिरिङ, छाराहाङ आदि । मार्गापूजा र ५२ चुल्हालाई मान्दछन् । युगौदेखि यस समुदायले वर्षभरि मृत्यु भएका आफन्तहरुको प्रत्येक वर्षको कार्तिक शुक्लपूर्णिमा र मंसिर पूर्णिमामा बराहक्षेत्र गई केश मुण्डन गरी काजकिरीया गर्दछन् । यसरी जाँदा पैदलनै जानु पर्ने र फर्कदा तमोरघाटमा एक रात अनिवार्य बसी पुनः धनकुटा पुगी ५२ चुल्हा र मार्गाथानमा चोखिने परम्परा रहि आएको छ । यस समुदायको कुनैपनि सदस्य जहाँ गएर मृत्यु भएपनि यसै ठाउँमा काजकिरीया गर्न आउने मौलिक परम्परा रहि आएको छ ।

यसै सन्दर्भमा विविध जातजाति मध्येको किराँत जात अन्तर्गत आठपहरिया राई जाति पनि एकहो । शारीरिक बनावट हेर्दा मंगोल जस्ता देखिने यिनीहरुको आफ्नै भाषा छ । जसलाई उनिहरु "आठपहरिया राई कुरा" भन्दछन् । उनिहरुको आफ्नै पोशाक हुने जुनउनिहरु आफ्नो घरमातान राखीमहिलाहरुले बुन्ने गर्दछन् जसलाई उनिहरुको भाषामा"मेखली" भन्दछन् । प्रमुख रुपमा धनकुटा जिल्लाको सेरोफेरोमा रहेका यस जनजातिहरु आफ्नो भाषिक, सांस्कृतिक, सामाजिक तथा धार्मिक जस्ता पक्षमा आजसम्म धेरै अघि देखिन्छन् । (मेची देखि महाकाली, २०३१:१६)

आठपहरियाहरुको नामाकरण कसरी रहनगयो भन्ने सम्बन्धमापनि विभिन्न मतमतान्तरहरु देखिन्छ । "अप्लीव" बाट आठपहरियाको विकास भएको देखिन्छ । प्राचिन पूर्खा

किराँत इङ्गवाका १० पुत्रमध्ये "अप्लीव"एकजना थिए । तिनैका सन्तानहरु आफ्नापूर्खाको नाममा आठप्रेबाट आठपहरिया भए(मावुहाङ्ग, २०६४:१९)

प्राचिनकाल देखिनै यी लिच्छवी राजाका आठपहरिया भई कामगर्दै आएकाले आठपहरिया नाम रहनगएको हो भनेका छन् । (दाहाल, २०३८:३४)

आठपहरियाहरु यहाँ कसरी आइ पुगे भन्ने बारेमा इ.सं. ८८० देखि ९१५ का समयमा तोम्देन जसलाई अहिले हात्तिखर्क भनिन्छ त्यहाँ नागाप्रमुखले राज्य गर्दै थिए जव लिम्बु नेता तुमहाङ्गले आक्रमण गरे तव तिनीहरु त्यो भूमि छाडी आसाम गए । उनका साथ अरु केही नागापनि लगे । बचेका केहीमानिस धनकुटामा पाइन्छ। केही पुराना इतिहासकारहरु यिनीहरुलाई आठपहरिया भन्दछन्। (चेम्जोङ, १९६७:३१)

आठपहरियाका विभिन्न किसिमका किम्वदन्तिहरु छन् । जसमा एउटा किंवदन्ती अनुसार यस इलाकामा आदिम काल देखि नै यो जाति वस्दथ्यो । आठप्रेहरुको उत्पत्ति यहीभएको हो । यिनीहरु मध्ये आक्मालुङ्गपल्लो पट्टिको लुङटाङ्ग, चुलिवनको झुण्डुवा र हालको धनकुटा ७नं. वार्डको फक्किमओडारबाट सृष्टि भएको हो ।

अर्को किसिमको के भनाइ छ भने धेरै वर्ष अघि दैत्यले यिनीहरुलाई नगाभूमि देखि खेद्दै ल्यायो । त्यहाँबाट भाग्दैयिनीहरु धनकुटा आइपुगी ओडारमा लुके जवत्यो दैत्य छोडेर हिड्यो । तवतिनीहरु ओडारबाट निस्किए बसोबास गर्न थाले (आठपहरिया राई समाजमा चलेका दन्त्य कथाहरु) ।

आठपहरिया राईहरु धनकुटा जिल्लाको सदरमुकाम धनकुटा बजारको वरिपरिका विभिन्न गाउँमा र धनकुटा बजारमा मात्र बसोबास गरेको पाइने एउटा छुट्टै जनजाति समूहहो । यस अध्ययनले धनकुटा जिल्लाको सदरमुकाम धनकुटा नगरपालिकाको वडा नं.४ माबसोबास गर्ने आठपहरिया राईहरुको आधुनिकता वारे अध्ययन गरी प्रकाशपार्ने प्रयास गरिएको छ । धनकुटा नगरपालिका ४ नं. वडामा आठपहरिया यस क्षेत्रका भुमि पुत्र हुन । सन् २००१ को जनगणनामा यिनीहरुको जाति नाममा आठपहरिया राई उल्लेख गरिएको थियो। सन् २०११को जनगणनामा यिनीहरुको जातिको नाम र भाषाको नाममा आठपहरिया मात्र उल्लेख गरिएको छ । यिनीहरुको कुल जनसंख्या ५,९७७ छ । यिनीहरुको आफ्नै प्रकारको भाषा, संस्कृति र धार्मिक

परम्परा छ । पुरुषले लगाउने र महिलाले लगाउने भेषभुषाहरुले पनि मौलिक विशेषता वोकेका छन् । तर आधुनिकरणको नाममा यी मौलिक भेषभुषाहरु प्राय हराइसकेका छन् । यिनीहरु आफ्नै प्रकारका चाड पर्वहरु मनाउछन र आफ्नै देवी देवताहरुको आराधना गर्दछन । आफ्नो भाषालाई उनीहरु आठपहरिया भाषा भन्दछन् । यो भाषाको वक्ता संख्या ५,५३०छ । यो भोट वर्मेली परिवारको किराती भाषा हो । वेलाहारे भाषासँग यो भाषाको निकटता छ, त्यसवाहेक छत्थरे लिम्वु र याक्खा भाषासँग पनि यसको निकटता देखिन्छ ।यसमा जिव्राको उचाइका आधारमा उच्च, मध्य र निम्न जिव्राको भागको सक्रियताको आधारमा अग्र, केन्द्रिय र पश्च गरि छ ओटा स्वर वर्णहरु पाइन्छन्। क्रियामा कर्ता र कर्मको रुप, प्रथम पुरुष दुई वचन र वहुवचनमा समावेशीर असमावेशी रुप,एक वचन, दुई वचन र वहुवचन रुप, भुत र अभुत रुप, अकरण रुप आदि पाइन्छन ।

नेपालमा वसोवास गर्ने किरात जाति संसारकै आदिम मूल जातिहरू मध्येका महत्वपूर्ण एक जातिको रुपमा लिन सकिन्छ । कालान्तरमा सोही जातिभित्र विभिन्न थरिका जातिय समुदायहरू विकसित भए र तिनै समुदाय भित्रको एक समुदायको रूपमा 'राई' जातिको उत्पति भएको हो । त्यसपछि यिनीहरूलाई किरात राई भन्न थालियो । किरात भित्र राईहरूको उत्पत्ति कहिले भयो भन्ने कुराको इतिहास अत्यन्त खोजको विषय हो । तथापि यसको इतिहास शाके १० औं शताब्दीदेखि १८ औं शताब्दीमा 'राई' नाम उल्लेख गरेको पाइन्छ । तर यो राई शब्द प्रचलनमा आउनु अगाडि शाके १०१७ मा 'राय' शब्द उल्लेख भएको कुरा भारतको गडवालमा प्राप्त शूरवीरसिंह पवारको राजदरवारी निजी पुस्तकालयमा सङ्ग्रहित भोजपत्रमा लिखित ग्रन्थहरू–काशिकावृत्तिको टिप्पणी र काव्य सुधा निधिको रचयितामा उल्लेख भएकोइति श्री नेपालस्य पूर्वाञ्चल क्षेत्रस्तव्येन चाम्लिङ राय कूलभुषणेन हर्कबलीना वीरथिता टिप्पणी समाप्त वाक्यबाट थाहा लाग्छ (चार्य, २०५१: ४०) । तसर्थ 'राई' शब्द 'राय' शब्दको अपभ्रंश रूप हो ।

राई भन्ने खासगरी कुनै जातिको नाम पनि होइन । यो त गाउँको ठुला वा मुखिया भन्ने जनाउने पदवी शब्द मात्र हो । माझ किरातका धेरैजसो राईहरू आफूलाई जिमी वा जिमीदार भन्ने गर्दछन् तापनि अरुहरूले धेरै भन्ने गर्दागर्दै राई शब्द बढी प्रचलनमा आउँदैछ । सुरुमा बाहुनलाई पण्डित, नेवारलाई साहुजी, राणा र शाहलाई बाबू साहेब, अरु क्षेत्रीलाई काजी, लिम्बु र थकालीलाई सुब्बा, तामाङ र हिमालीलाई लामा, मधेशका थारुलाई चौधरी, दमाइलाई

नगर्ची, सार्कीलाई मिजार, कामीलाई सुनार आदि शब्दले सम्मानपूर्वक सम्बोधन गरेजस्तो मात्र थियो । कालान्तरमा बिस्तार बिस्तार अब राई भन्नाले किरातीको एक ठूलो समूहलाई सम्झाउने चलन बसिसक्यो (बिष्ट, २०३०: २३) ।

किरात राई जातिहरू कसैले कताबाट कसैले कताबाट आएका हुन् भन्ने लेखेका छन् । किरात राई जातिको जन श्रुति र मुन्दुमले यिनीहरू अन्यत्रबाट नेपाल आएका नभई यहाँकै रैथाने बासिन्दा हुन्। बरु यहीबाट अन्यत्र गएको बताइन्छ । यसैकारण किरात राईहरूले आफूलाई ‘खामजिरी खामबोङ्वा लुङ्जीरि लुङ्बोङ्वा’ पनि भन्दछन् । जसको अर्थ ढुंगा र माटो सँगसँगै उत्पति भएको हो भन्ने हुन्छ । धरती वा जमिनलाई किरात राईहरूले खाम भन्दछन् । त्यही खामबाट ‘खम्बू’ भयो र खम्बूहरूले बसोबास गरेको क्षेत्रलाई खम्बूवान भनियो । यिनै खम्बूहरू तीन थरीमा विभाजित भई वर्तमान नेपालमा तीनतिर रहदा वल्लो किरात, माझ किरात र पल्लो किरात नाम रहन गयो (राई, २०६४: ३४६) ।

किरात जातिका वारेमा इमानसिंह चेम्जोङ भन्छन, वर्तमान समयमा लिम्वु र राई मात्र किराती भनी प्रख्यात भएको भए तापनि गुरुङ, मगर, थकाली, सुनुवार, नेवार, तामाङ,शेर्पा, कागते, लाप्चे,मेचे, कोचे,धिमाल, थारु दनुवारसमेत किँरात हुन । यसै गरि नेपाल वाहिर आसामका ताई र भियतनामी जाति, फिलिपाइनका खम्वोज जाति र युनानी चिनियाँ जाति पनि किरात हुन् ( चेम्जोङ, २०१८)यसै क्रममा अर्का अनुसन्धानदाता डोरबहादुर विष्टका अनुसार किरातका सन्तानहरुमा आफ्नो मातृभाषाका रुपमा तिव्वत वर्मेली भाषाहरु वोल्ने राई लिम्वु, सुनुवार, जिरेल, कोयु, गुरुङ, मगर, थकाली,मेचे, कोचे र काठमाण्डौका पहिलेका नेवारहरु हुन् (विष्ट १९९२)

पाँडे(२०४२: ९३) का अनुसार किराँतहरु लिम्वु, राई सुनुवार, नेवार, मगर, कुमाले, तामाङ, गुरुङ, भोटे, थारु, याख्खाका रुपमा विकास भएका हुन ।

प्रा. नोवल किशोर राई, (२०६२) अनुसार ‘अहिलेको सन्दर्भमा किराती भन्ने शब्दले नेपालका राई, लिम्वु, याख्खा र सुनुवार जातिको संयुक्त पहिचानलाई बुझाउँदछ’ । आजभोलि किरातीहरू नेपालको पूर्वी क्षेत्रमा फैलिएर रहेका छन् । जो वर्तमान नेपालको एक नम्बर प्रदेश र त्यसको आसपासमा रहेको तीन नम्वर प्रदेशको रामेछाप देखि पूर्व इलामसम्म किरातीहरू

बाक्लो रूपमा बसोबास गर्दै आइरहेका छन् । नेपालको आधुनिक इतिहासले यो भूभागलाई 'वल्लो किरात', 'माझ किरात' र 'पल्लो किरात' भनेर पनि छुट्याएको पाइन्छ । यस हिसावले हेर्दा आजभोलि पनि 'वल्लो किरात' मा सुनुवार, 'माझ किरात' मा राई र 'पल्लो किरात' मा लिम्बु र याख्खा जातिको जनघनत्व धेरै रहेको छ । तथापि 'राई' जाति ठूलो समुदायभएको जाति भएकोले यी जातिको बसोबास माथिका तीन वटै क्षेत्रका अलावा नेपालको अधिकांस जिल्ला र नेपाल बाहिर पनि दार्जिलिङ, सिक्किम, भूटान र आसामसम्म रहेको छ ।

वस्तुत किरात शब्द अनेक जातिहरुलाई वुझाउने पुञ्ज हो । किरात भन्नाले एउटै मात्रै जातिलाई नवुझाई विभिन्न जातिहरुलाई वुझाउने समुच्च अथवा समष्टि रुप हो ।यसरी हेर्दा के देखिन्छ भने एकथरी विद्धानहरुले खुम्वु अर्थात राईलाई मात्र किराँती भन्ने गरेको देखिन्छ भने अर्काथरी विद्धानहरुले किराती भित्र अन्य जातिहरु पनि पर्दछन भन्ने धारणा व्यक्त गरेका छन् । यो विभिन्न जातिहरुको माला हो अर्थात विभिन्न जातिहरुको साझा पहिचान हो । यसरी किरात राई जातिभित्र कुन कुन जातिहरु पर्दछन भन्ने विषयमा लामो समयदेखि नै विभिन्न किसिमका फरकफरक धारणाहरु आइरहेका छन् । तापनि हाल आएर राई, लिम्वु, सुनुवार र याख्या जातिले आफु किरात भएको स्वीकार गरेका छन् । त्यसैले वर्तमान समयमा किराती भन्नाले यिनै चार जातिहरु राई, लिम्वु, सुनुवार र याख्खालाई वुझ्ने गरिन्छ । यिनै चार जाति मध्ये राई जाति किरातको प्रमुख जातिय सम्प्रदाय हो ।

विशेषगरी वल्लो किरात र माझ किरातका रैथाने जतिका रूपमा रहेका जाति किरात राईहरू  हुन् । वर्तमान नेपालमा किरात राईहरू नेपालको पूर्वी क्षेत्रमा मात्र सीमित भएर बस्नु परेता पनि उनीहरूको लोककथा र परम्पराहरू काठमाण्डौ उपत्यकाका पटुक दरवार, विरूपाक्षको मूर्ति साथै विभिन्न शिलालेखहरू किरात शासनकालसँग जोडिएको पाइन्छ । त्यसैले किरात राईहरू आफुलाई प्राचीन नेपालका किरात राजा यलम्बरका सन्तान हौं भनि गर्व गर्दछन् (मुकारुङ, २०६७: २) ।

विशिष्ट परम्परामा आवद्ध,आफ्ना छुट्टै भाषा, संस्कार एवम् परम्परा सहितको इतिहास बोकेको एक महत्वपूर्ण जातिका रूपमा किरात राई जातिरहेको छ । अझ भाषाका हिसाबले यो समुदायबहुभाषिक समुदायरहेको छ । किरात राई भाषा परिषद, २०६२ अनुसार नेपालमा २७वटा किरात राई भाषाहरू रहेका छन् । राष्ट्रिय जनगणना २०६८ अनुसार २५ वटा किरात

राई भाषाहरू रहेका छन् । त्यस्तै किरात राईहरूको अभिभावक सङ्गठन किरात राई यायोक्खाका अनुसार २८ वटा किरात राई भाषाहरू रहेका छन् । नेपालको पछिल्लो राष्टिय जनगणना २०६८ अनुसार नेपालको कूल जनसङ्ख्या २,६४,९४,५०४ मध्ये २.३४% अर्थात् ६,२०,००४ रहेको छ (केन्द्रीय तथ्याङ्क विभाग, २०६८) ।

परापूर्व कालदेखि नै नेपालको पूर्वी क्षेत्रमा बसोबास गर्दै आइरहेका किरात राई जातिले आफूहरू  यो देशको भूमिपूत्र तथा आदिबासी जनजाति भएको मान्दै आएका छन् । त्यही अनुरूप नेपाल आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन, २०५८ को दफा २(क) मा उल्लेख भए बमोजिमको अनुसुचिमा ५९ जातिलाई 'आदिबासी जनजाति' को रूपमा छुट्याइएको छ । जसमध्ये 'किरात राई' जातिलाई पनि आदिबासी जनजातिका रूपमा उल्लेख गरेको छ ।

## १.२ समस्याको कथन

यसरी आठपहरिया जातिमा आधारित देखा परिरहेको आधुनिकताकोप्रभावलाई समस्याका रुपमा उठान गर्न खोजिएको छ ।यसका अतिरिक्त प्रस्तुत सोध कार्यमा निम्नानुसारका समस्याहरुको उठान गरिनेछ । जातजातिको संस्कारको प्रभाव, सूचना, सञ्चार, आधुनिकीकरण, शिक्षा, बसाइसराइ, राजनैतिक चेतना, विकासका पूर्वाधारको विकास आदि जस्ता कारणले गर्दा धेरै कुराहरुमा परिवर्तन आएको देखिन्छ । धनकुटा नगरपालिकामा विशेष गरेर आठपहरियाको घना बस्ती रहेतापनि अन्य जातजातिको प्रभावको कारण पनि आठपहरियाको संस्कृतिमा पनि परिवर्तन हुँदै गएको पाउन सकिन्छ । कुनै पनि अध्ययन कुनै न कुनै समस्यामा केन्द्रित रहेर त्यसलाई विभिन्न कोणबाट समाधानको उपाय खोजि, व्याख्या, विश्लेषण गर्ने निष्कर्षमा पुग्ने र सुझाव दिने कार्य हुन्छ । यस अध्ययनमा आठपहरिया जातिको आधुनिकतामा आएको परिवर्तन शीर्षकलाई नै समस्याको रुपमा लिई अध्ययन गरिएको छ । यसमा रहेका समस्या निम्नअनुसार रहेका छन् ।

क) आठपहरिया जातिको परम्परागत अवस्था कस्तो थियो ?

ख) आठपहरिया जातिसामाजिक र आर्थिक रुपमा पछि पर्नुका कारणहरु के के हुन् ?

ग) आठपहरिया जातिको के-कस्तो परिवर्तनहरु आएका छन ?

घ) आठपहरिया जातिमा आएको परिवर्तनले संस्कृतिमा के-कस्तो प्रभाव पारेको छ ?

## १.३ अध्ययनको उद्देश्य

नेपाली समाजमा विभिन्न पेशा, धर्म, जात जाति भएका मानिसहरुको बसोबास रहेको छ । समाजमा आफ्नो स्तर अरु जातिका मानिसहरु सरह बनाउन वैदेशिक रोजगारतर्फ आकर्षित हुन थालेका छन् । प्रस्तुत अध्ययनको मुख्य उद्देश्य नेपालमा आठपहरिया समुदायका मानिसहरुलाई आधुनिकीकरणले उनीहरुको आर्थिक अवस्थामा आएको परिवर्तन, कृषि उत्पादनको अवस्था, परम्परागत पेशामा आएको परिवर्तन सामाजिकीकरण र संस्कृतिकरणको अवस्था पहिचान गर्नु र विश्लेषण गर्नु रहने छ । कुनै पनि अनुसन्धान कार्य सञ्चालन गर्नुका पछाडी उद्देश्यहरु निश्चित गर्नुपर्दछ । प्रस्तुत शोध पत्रकाउद्देश्यहरु निम्नलिखित छन् :

क) आठपहरियाजातिको सामाजिक, आर्थिकअवस्थाको खोजी गर्नु ।

ख) आठपहरियाजातिका प्रचलित संस्कृतिको खोजी गर्नु ।

ग)आठपहरियासमूदायमा आधुनिकताले पारेको प्रभाबहरुको खोजी गर्नु ।

## १.४ अध्ययनको महत्व

आधुनिकीकरण,विश्वव्यापीकरण,पश्चिमा सभ्यताको अन्धाधुन्धानुकरण,परसंस्कृतिकरण, गरिवी तथा बसाइँ सराइको प्रभाव स्वरुप राष्ट्रिय महत्वको संस्कारहरु लोप हुँदै जाने र तिनले भावी पुस्ताका निम्ती मार्गदर्शक बन्न नसक्नु एउटा जटिल समस्या बन्दै गइरहेको वर्तमान परिप्रेक्ष्यमा यो अध्ययनले उक्त जाति, समूदाय एवम् समग्र राष्ट्रलाई समेत आफ्ना परम्परा, सभ्यता र धरोहरहरुलाई अभिलेखिकरण गर्न तथा संरक्षण र संवर्द्धन गर्न यो अध्ययन महत्वपूर्ण हुनेछ ।

आठपहरियाजातिको आधुनिकताको सम्बन्धमा खोज तथा अनुसन्धान गरि पारेको प्रभावहरु सम्वन्धी महत्वपूर्ण जानकारी प्रदान गर्दछ । यसका साथै यो अध्ययन एउटा महत्वपूर्ण आलेख बन्ने र यसले भावी सन्ततीहरुलाई आफ्नो मौलिक संस्कार र संस्कृतिको जगेर्ना गर्न र अनुसरण गर्ने मार्गदर्शकका रुपमा कोशेढुङ्गा सावित हुनेछ ।

### १.५ अध्ययनको सीमा

अनुसन्धानमा जति धेरै क्षेत्रलाई समेट्न सक्यो, त्यसको विश्वसनीयता र वैधताको स्तर पनि त्यति नै उच्च रहन्छ, तर सीमित स्रोत, साधन र समयका कारण त्यसलाई व्यापक बनाउन कठीन छ । त्यसकारण यो अध्ययनलाई निम्न सीमाहरुमा सीमित गरिएको छ ।

क) यस अध्ययनमा आठपहरियाजातिको आधुनिकताकोखोजीगरिएको छ ।

ख) धनकुटा नगरपालिका-४मा बसोबास गर्ने आठपहरिया जातिहरुमा मात्र यो अध्ययन सीमित रहने छ ।

ग) अनुसन्धानका साधनका रुपमा अन्तवार्ता, अवलोकन, प्रश्नावली तथा मुख्य जानकार ब्यक्तिहरुलाई मात्र प्रयोग गरिएको छ।

घ) यो अध्ययन आठपहरिया जातिको परम्परागत तथा जीवन दर्शनहरुकोखोजीमामात्र केन्द्रीत रहने  छ ।

### १.६ अध्ययनको साँगठनिक ढाँचा

यस शोधलाई व्यवस्थित ढंगले सम्पन्न गर्नको लागि निम्न अनुसार विभाजन गरिएको छ ।

**अध्याय:– एक**

अध्ययनको पृष्ठभूमि, समस्याको कथन, अध्ययनको उद्देश्य,  अध्ययनको महत्व, अध्ययन क्षेत्रको सीमाङ्कन र अध्ययनको साँगठनिक ढाँचा प्रस्तुत गरिएको छ ।

**अध्यायः– दुई**

पूर्व साहित्यको समीक्षा प्रस्तुत गरिएको छ ।

**अध्यायः– तीन**

अध्ययन गर्नका लागि आवश्यक विधिहरूबारे चर्चा गरिएको छ । जसमा अनुसन्धान ढाँचा, नमुना छनौट विधिहरू, तथ्याङ्क संकलनका विधिहरू, तथ्याङ्क संकलनका स्रोतहरू र तथ्याङ्कको व्याख्या र विश्लेषण प्रस्तुत गरिएको छ ।

**अध्यायः– चार**

अध्ययन क्षेत्रको परिचय प्रस्तुत गरिएको छ ।

**अध्यायः– पाँच**

प्राप्त भएका तथ्याङ्कहरूलाई तालिकीकरण गरी यिनीहरूको प्रतिशतलाई विभिन्न शिर्षकअनुसार तालिकाबद्ध रुपमा प्रस्तुत गरिएको छ । यस अन्तरगत प्राप्त भएका तथ्याङ्कहरूको आवश्यक विश्लेषण र व्याख्या तालिकाको माध्यमबाट प्रस्तुत गरिएको छ ।

**अध्यायः–छ**

यस शोधपत्रको निष्कर्ष निकाली सुझाव प्रस्तुत गरिएको छ ।

अन्त्यमा सन्दर्भ सूची राखी परिशिष्टहरू राखिएको छ ।

# अध्याय दुई

# पूर्व साहित्यको समीक्षा

## २.१ सामान्य समीक्षा :

नेपाल एक बहुआयामिक,बहुसास्कृतिक, बहुधार्मिक र बहुजातीय सामाजिक संरचना भएको मुलुक हो । यहाँ अनेकौं संस्कार तथा संस्कृति र परम्परा मान्ने मानिसको भिडमा आठपहरिया राई जाति पनि एक छुट्टै मौलिक संस्कृति भएको जाति हो । समाज परिवर्तनका विभिन्न प्रकारका क्रमहरु छन् । त्यस मध्ये एउटा क्रम आधुनिकीकरण हो । आधुनिक बन्ने क्रमलाई आधुनिकीकरण भनिएको पाइन्छ । पुराना र परम्परागत पेशा, व्यवहार, चालचलन र रीतिरिवाजको बदला नयाँ प्रकारका पेशा अवलम्बन गर्नु, नयाँ प्रकारको व्यवहार गर्नु र आफ्ना परम्परागत मूल्य र मान्यतामा परिवर्तन ल्याउनु आधुनिकीकरण हो ।

जातिय तथा साँस्कृतिक विविधताले गर्दा नेपाल अध्ययन,अनुसन्धान तथा अन्वेषणको केन्द्र बन्न पुगेको छ । तथापि यहाँको समाजको अध्ययन, अनुसन्धान तथा अन्वेषणको इतिहास त्यति पुरानो छैन । वि.सं. २००७ सालमा एकल जहानिय राणा शासनको अन्त्य तथा प्रजातन्त्रको आगमन पछि मात्र नेपालमा समाजशास्त्रीय तथा मानवशास्त्रीय अध्ययनको सुरुवात भएको देखिन्छ । नेपालमा वि.सं.२००७ (सन् १९५०) पछाडिदेखि समाजशास्त्रीय/मानवशास्त्रीय अध्ययन अनुसन्धानले व्यापकता पाएको हो । जसमा मुख्य गरी नेपाली समाजशास्त्रीय अध्ययनको कोशेढुङ्गाका रूपमा स्थापित किर्तिपुर पाङ्गामा बसोबास गर्ने नेवार समुदायको सामाजिक, सांस्कृतिक र आर्थिक पक्षको बारेमा अध्ययन गरेको पाईन्छ ( नेपाली, १९६५:१२७) । तसर्थ सन् १९५० पछाडि नेपालमाबसोबास गर्ने किरात राई जातिको आधुनिकीकरणको साहित्यको पुनरावलोकन  निम्नानुसार रहेको छ ।

नेपालको पूर्वी क्षेत्रमा आफ्नो विशिष्ट सांस्कृतिकमा परिवर्तन पहिचान बोकेको एक महत्वपूर्ण आदिबासी जनजाति समुदायका रूपमा आठपहरिया राई समुदाय रहेको भए पनि यस समुदायका बारेमा समाजशास्त्रीय/मानवशास्त्रीय अध्ययन भने अझै पनि हुन सकेको देखिदैन ।

तथापि केही मात्रामा यस समुदायका केही संस्कृतिविद तथा यस जातिका अगुवाहरूबाट भने यस समुदायको सामाजिक सांस्कृतिक आर्थिक, परिवर्तनभएको देखिन्छ ।

कुनै पनि समाज पुर्णरुपमा स्थिर रहन सक्दैन हुन त्यो परिवर्तनको गति ढिलो वा छिटो तर केही न केही परिवर्तन देखिन सक्छ ।  त्यसैले यो परिवर्तनको विषय वस्तु सामाजिक विज्ञान भित्रको खोज गर्ने क्षेत्र भित्र पर्दछ । फलस्वरुप धेरै दार्शनिक, इतिहासकार, अर्थशास्त्री र मानवशास्त्री धेरै समय अघि देखी यस विषयमा लागेका पाइन्छन । १९ औ शताव्दी पश्चात कतिपय समाजशास्त्री र मानव शास्त्रीहरुको ध्यान कसरी मानव समाजको विकाश हुँदैआएको छ र आफ्नौ पौराणिक स्थितिबाट विकाशित हुँदै आएको छ भन्ने विषयमा पुगेका छन । ब्ानगकतभ ऋयकतभ (१७९८–१८५७) ले सामाजिक परिवर्तन तीन श्रेणीमा विभाजन गरेका छन । त्यो हो धर्मकस्तर, तात्विकस्तर र वैज्ञानिकस्तर । यसलाई मानव चिन्तन र मानव विकासका अवस्थाहरु पनि भन्न सकिन्छ । र वैज्ञानिकस्तरमा पुगे पछि अवलोकन, नरीक्षण जस्ता कुराहरु र्प्दछन । यस्तै अर्का समाजशास्त्री  ज्भचदभचत क्उभलअभच (१८२०–१९०३) ले मानव समाजलाई एउटा जिव जसरी विकाश हुँदै जान्छ । त्यसरी नै एउटै मानव समाज पनि विकाशित हुँदै जान्छ भन्ने कुरा देखाएका छन । यसरी प्बचर्ा :बचह (१८१८–१८८९) ले भौतिकवादी व्याख्याका आधारमा इतिहासका सबै पविर्तन उत्पादन प्रणालीमा आएका परिवर्तनबाट हुन्छ । भन्ने कुरा देखाएका छन । त्यस्तै Emile Durkhiem (१८५८–१९१७) ले सामाजिक परिवर्तन वार लेखेका छन र परिवर्तन यान्त्रिक एकता देखि जैविक एकता तर्फ भएको कुरा वताएका छन । उनले आदिकालिन समाज यान्त्रिक एकतामा आधारित थियो तर विस्तारै विस्तारै समाजमा परिवर्तनहरु देखिए पश्चात आधुनिक जैविक एकतामा आधारित भएको कुरा प्रस्तुत गरेका छन । पहिलेको समाज परम्परा, नैतिक र धर्मद्धारा प्रभावित थियो तर विस्तारै जनसंख्याको चाप, बढ्दो आवश्यकता, अनेक आवश्यकता पूर्तिको लागि श्रम विभाजन र पेशा वा कार्यका विशिष्टीकरण हुन थालेको पाइन्छ । क्रमश समाज जटिल हुँदै गएका र परनिर्भर एवं पारम्पारिक निर्भरता बढ्दै गएको कुरा उल्लेख छ ।

एउटा मानव समाजमा आउने परिवर्तन परिवर्तनका प्रक्रिया र दिशालाई वर्णन गर्न समाजशास्त्रीय र मानवशास्त्रीय थुप्रै Terms प्रयोग भएको पाइन्छ । उदाहरणका लागि

भारतका प्रशिद्ध मानवशास्त्रीM.N.Sriniwas द्धारा प्रतिपादित Concepts जस्तै Brahminmnization, Westrrnization र Sanskritization लाई लिन सकिन्छ । भारतको सामाजिक संरचनाको अध्ययन संस्कृतिकरण र पश्चिमीकरणको माध्यमबाट गर्नु पर्छ भन्ने धारणा अघि सारे । उनले जातिको अध्ययन गर्दा प्रभुत्वको साथै अन्य जातले पनि आआफ्नो तरिकाले सेवा प्रदान गर्ने गर्दछन भन्ने कुरा उल्लेख छ ।

**आधुनिकीकरणको सम्बन्ध, डेनियल लर्नेर** बताँउछनः "Modernization is the Process of social change where by less developed societies acquire characteristics common to modern developed societies"**M.N.Srinivas 1977**का अनुसार,"आधुनिकीकरणलाई एक तटस्थ शब्दको रुपमा प्रयोग गरिदैन । यस अन्तर्गत भौतिक, सांस्कृतिक, सामाजिक संस्थाहरु त्था ज्ञान, मुल्य एवं मनोवृतिहरुको क्षेत्रलाई पनि यसले समेट्दछ" भनेर भन्दछन ।S.C.Dube का अनुसार, "आधुनिकीकरण एउटा प्रक्रिया हो । जसको फलस्वरुप व्यक्तिहरुमा तर्क, गतिसिलता एवं सहभागिता बढ्दछ" ।

नेपालमा आधुनिकीकरणको क्रम धेरै पछिमात्र शुरुभएको हो । वि.सं.१८७२ को सुगौली सन्धीले नेपाललाई विदेशीहरुको सम्पर्कमा आउने ढोका खोलेको थियो तापनि त्यस समयमा पनि आधुनिकीकरणले नेपालमा प्रभाव पारेको थिएन । पछि वि.सं.२००७ सालको क्रान्ति पश्चात चाहिँ नेपाल विभिन्न अन्तराष्ट्रिय संघ संगठनहरुको सदस्य बन्दै गयो र विश्व सामु नेपालको परिचय हुँदै गयो ।

नेपालमा हाल आएर आधुनिकीकरणको क्रम चलिरहेको छ । नेपालमा आधुनिकीकरणको क्रम वि.सं.२०४६ सम्म निकै रहयो भने प्रजातन्त्रको पुनःस्थापना पश्चात चाहिँ यसमा केहि मात्रामा गति थपिन पुग्यो । मानिसहरुको सम्पर्क विश्वव्यापी रुपमा बन्दै गयो । विदेशमा काम गर्न जाने मानिसहरुको संख्या बढेकोले उनीहरुले विकसित समाजका परिपाटी सिकेर फर्केका छन् ।

आदिम आठपहरियाराईहरुको समाज समाजवादी उत्पादन प्रणालीमा आधारित थियो । त्यसबेला सामूहिक उत्पादन प्रणाली अवलम्वन गर्दथे र आवश्यकता अनुसारको वितरणप्रणालीथियो । जमिनमा सामूहिक स्वामित्व थियो । किपट प्रथा यसैको उदाहरण हो ।

समाजमा आफूसँगभएको वस्तुसँग साट्ने वा अरुबाट पैंचो लिने प्रचलन पनि थियो । आधुनिक भाषामा गैर–कानूनी रुपमा सम्पत्ति जम्मा गर्ने, त्यसलाई पूँजीको रुपमा विकास गर्ने प्रचलन थिएन । अरुको सम्पतिको नाश गर्ने वा क्षति गर्नेकुरा अपराधको रुपमा लिइन्थ्यो (राई, वि.सं.२०६४)

आठपहरिया राईहरूको सामाजिक बनोट हेर्दा यिनीहरूलाई धनकुटेली आठपहरिया राई र खालसाली आठपहरिया राई भनी छुट्याउन सकिन्छ तर खालसाली आठपहरिया राईहरूको भाषा र संस्कृति धनकुटेली आठपहरिया राईहरूसँग नमिल्ने हुनाले यहाँ चर्चा गरिएको छैन । धनकुटेली आठपहरिया राईहरूमा बाह्रवटा थरहरू रहेको हुन्छ ।

आठपहरिया राईहरूको महत्वपूर्ण चाड भनेको चामनुंगी हो । यो चाड भदौ महिनामा पर्दछ । चामनुंगीको अर्थ नयाँ वस्तु घरमा भित्र्याउनु हो । भाद्र महिनामा खेतबारीमा पाकेको मकै घर भित्र्याउनु पूर्व पितृलाई चढाउनु पर्छ भन्ने मान्यता रहेको छ । पितृलाई मकै र धान चढाउने रीतलाई नै यिनीहरूको भाषामा चामनुंगी भनिन्छ । चामनुंगीको चाडमा यिनीहरू आआफ्नो घरभित्रको मूल देवताहरूलाई पूजाआजा गर्ने चलन छ । पूजा गर्दा जाँड, रक्सी, फुल, लसुन, सुँगुरको मासु चढाइन्छ । त्यसबेला आफ्नो परिवारमा सुख शान्ति मिलोस् भनेर पूजाआजा गर्ने चलन छ । चामनुंगी पर्व घरको मूल चुलोमा पूजाआजा गरिन्छ । अगेनामा तीन दीशामा तीन चम्का राखिएको हुन्छ । चम्का उत्तर, दक्षिण र पश्चिम दिशातर्फ फर्काएर राखिन्छ । चम्काको पनि अर्थ लुकेको छ । उत्तर, दक्षिण र पश्चिम पट्टी राखिएको चम्कालाई आठपहरियाहरू भोटे, मगर र बाहुन चम्का भनिन्छ । ती चम्कामा सागसब्जी, अन्न, फलफूल, जाँडरक्सी तथा सुँगुरको मासु राखिन्छ । यसरी विधिसम्मत तरिकाले पूजा आजा गरिसके पछि पितृहरूको नाम लिदै विदा दिने गरिन्छ । सो चाडको बेलामा गाउँघरमा पिङहरू राखिएका हुन्छन् । पिङ खेलेर रमाइलो गर्छन् । बच्चादेखि बृद्धासम्मले पिङ खेल्दछन् । त्यसबेला मनुष्यले जमिन छाड्नु पर्ने भनाई छ । यस जातिले धर्मलाई आस्थाको केन्द्रको रूपमा मान्दछ । धर्म प्राप्तिका लागि आठपहरिया राईहरू घरदेखि बाहिर रहेको देवस्थलमा जाने गर्दछन् । विशेष त देवस्थल चार किसिमको हुन्छ । ती छन् -मार्ग थान, जिमी थान, थानीको थान र अस्थायी थान । यी चार थानमध्ये मार्ग थानलाई ज्यादै महत्वपूर्णको रूपमा लिइन्छ । उच्च अर्थात् डाडाँमा मार्ग थान देवस्थलको स्थापना गरिएको हुन्छ । उच्च ठाउँ हुनाले बोटबिरूवा त भइनै

हाल्छ । देवस्थलमा पानीको पनि ब्यवस्था गरेको हुन्छ । देवस्थलमा देवदेवताका मूर्तिहरू हुँदैन । मात्र त्रिशूल गाडिएको हुन्छ । देवस्थलमा काटमार गरिदैन । अक्षता, धूप, नैवेधजस्ता पवित्र सामाग्रीले पूजा गरिन्छ भने पानी, जाड, रक्सी पनि चढाउने गरिन्छ । मार्ग स्थानमा चढाइएका खानेकुरा घरमा लान बर्जित छ । त्यही बसेर खाई सक्नु पर्ने जनधारणा रहेको छ ।

यस जातिको अर्को महत्वपूर्ण चाड ओमडाक हो । यो चाड बैशाख महिनाको बौद्ध जयन्तीको समयमा पर्दछ । ओमडाक चाड चामनुंगी र छाङलाराङमा गरेको विधिले जस्तै 'पाङदाङ्वा'को पूजाआजा गरिन्छ । ओमडाक एक हप्तासम्म मानिन्छ । पहिलो दिनको बिहानी पख आठपहरिया राईहरू सबै नुवाई धुवाई गरी धुले पूजाको कार्यपछि खीर खान्छन् । पाङदाङवाको पूजा गर्दा चारै सुरूमा दियो कलश राखिन्छ । केराको पातमाथि जाडरक्सी, मासु, फूल अक्षता र अन्य परिकारको मिश्रणले पूजा गरिन्छ । चढाइएको सबै खानेकुरा सोही ठाउँमा बसेर प्रसादको रूपमा खान्छन् । ओमडाकपछि बालीनाली सप्रन्छ भन्ने जनविश्वास छ । यो चाडको समयमा धनुष बाण हान्ने खेलको मनोरन्जन आकर्षक देखिन्छ ।

विभिन्न लेखक विद्वानका साथै स्थानीय जनधारणालाई हेर्दा आठपहरिया राई जातिको बारेमा फरक फरक मत देखिन्छ । यद्यपि यो जातिको बारेमा सूक्ष्म ढङ्गले अनुसन्धान गर्नुपर्ने देखिन्छ । आठपहरिया राईहरूको शारीरिक आकृति हेर्दा मगरजस्ता देखिए तापनि रीतिरिवाज, भेषभूषा, भाषा तथा व्यवहार मगर जातिभन्दा पृथक् रहेको छ, यो जातिका पुरूषहरू दौरा सुरूवाल इष्टकोट, टोपी, कट्टु लगाउँछन् भने महिलाहरू साडी, चोलो, गलामा माला लगाउनुको साथै टाउकोमा कपडाको घुम्टो ओड्छन् । धेरै वर्ष पहिले आठपहरिया राईका महिला तथा पुरूष सबैले आफ्नो घरमा नै बनाएको खाँडीका लुगाहरू लगाउँथे । तर खाडीको लुगा तयार गर्न धेरै नै झन्झटिलो भएको हुँदा अहिले बजारमा उपलब्ध आधुनिक लुगा पहिरन थालिसकेका छन् । गहनाको हकमा पूरूषहरू प्रयोग गर्दैनन् । तर अहिले फाटफूट रूपमा पूरूषले पनि गहना लगाएको देखिन्छ । त्यस्तै महिलाहरू मून्द्री, ढुङ्गी, बुलाकी, कर्णफूल, किलिप, टीका, माला, पोते, मुगा, चुराजस्ता गहना लगाउछन् । गरगहना लगाउने महिलालाई विवाहित र अविवाहित छुट्याउन सकिदैन ।

यस समुदायमा हाल आएर आधुनिकताको प्रभाव पर्ने थालेको देख्न सकिन्छ । उनीहरु मध्ये कतिपयले आफ्नो परम्परागत पोषक मात्र नलगाई अन्य पोषक गरगहना लगाउने,

परम्परागत पेशामा परिवर्तन गरेको देख्न सकिन्छ । अन्य जातजातीले मनाउने चार्डपर्व मनाउने गर्दछन ।

### २.२.१ सामाजिक परिवर्तन सिद्धान्त

प्रगति, उन्नति, बुद्धि, विकास अन्तर्गत समाज एक मानवीय अन्तरसम्बन्धको जालो हो। यो सम्बन्ध सधैँ स्थिर र समान स्तरमा रहँदैन, समाजका विभिन्न पंक्षहरुमा निरन्तर परिवर्तन आइरहेको हुन्छ । परिवर्तन प्रकृतिको नियम नै हो । समाजका विभिन्न पंक्षहरुमा आउने परिवर्तनको मानवीय सोच प्रवृत्तिमा परिवर्तन ल्याउँछ । यसले मानव अन्तरक्रिया र अन्तरसम्बन्धमा नै फेरबदल ल्याउँछ समाजको स्वरुप वा ढाँचामा नयाँपन सिर्जना हुन्छ । यसबाट समाज एक रुपबाट अर्को रुपमा रुपान्तरण हुन्छ । रुपान्तरणको प्रक्रिया निरन्तर चलिरहने भएकोले समाज प्रगतिशील छ भनेर भन्न सकिन्छ । गतिशीलता समाजको प्रकृति हो दिन प्रतिदिन समाजमा कुनै न कुनै नयाँ परिवर्तन भइरहेको हुन्छ । हिजोको समाजमा जे कुराहरु थिए त्यो आज छैन । आज जे हुन्छ र छ त्यो भोलि  हुँदैन । त्यसैले समाजलाई गतिशील एवम् प्रगतिशील प्रक्रियाको रुपमा लिन सकिन्छ ।

विकास एउटा सकारात्मक संरचनागत परिवर्तित स्वरुप हो । यो परिवर्तन भइरहने र निरन्तर चलिरहने प्रक्रिया हो । यसैले नयाँ अवस्थाको स्थापना र सुरुवात गराउँछ । मानव समुदायको जीवन पद्धतिमा मानवीय र सामाजिक पंक्षमा परिवर्तनकारी भूमिका विकासद्धारा हुने गर्दछ । विकासको मूल अभिप्राय नै सामाजिक परिवर्तन हो । विश्व इतिहासमा वर्तमान अवस्थासम्म भएका जति पनि परिवर्तनहरु छन् ती सबै सामाजिक परिवर्तनसँग सम्बन्धित छन्। परिवर्तन र विकास बीचमा गहिरो सम्बन्ध देखिन्छ । सामान्यतः समाजका आवश्यकता र चाहना परिपूर्ति गर्ने क्रममा सामाजिक इकाइको जन्म हुन्छ र परिवर्तन आउँछ अर्थात सामाजिक संरचना, संस्कृति तथा सम्बन्धमा परिवर्तन आउँछ भने त्यसलाई सामाजिक परिवर्तन भनिन्छ । सकारात्मक परिवर्तनले नै विकास हुन्छ । सबै परिवर्तनहरुलाई विकास मान्न पनि सकिदैन । जस्तै रुढीवादी समाजमा हुने शिक्षा, स्वास्थ्य, कम आम्दानी, कम परिचालित समाज परिवर्तन भएर नयाँ शिक्षित, सम्य, धनी, संगठित स्वरुपमा परिवर्तित भयो भने त्यो विकास हुन्छ ।

सामाजिक मूल्य, मान्यता, व्यवहार आदिमा हुने परिवर्तनले सकारात्मक दिशातर्फ समाज अग्रसर भयो भने विकास सफल हुनसक्छ । किनकि परिवर्तन आफैमा एउटा विकास हो। जातीयताको विरोध गरेर सामाजिक समानता, सामाजिक एकता कायम हुन्छ । मानसिक हीनता हटाएमा विकासका द्वार स्थापना गराउन सकिन्छ । अवैज्ञानिक शिक्षामा परिवर्तन भएर वैज्ञानिक, व्यावहारिक शिक्षा स्थापना भए देश, समाजको विकासमा टेवा प्रदान गर्न सकिन्छ । उत्पादन प्रणालीमा सुधार गरेर, उच्चस्तरीय प्रविधिको उपयोग गरेर आर्थिक विकास गर्न सकिन्छ । प्रजातान्त्रिक संसदीय अभ्यासद्वारा सुशासन, राजनैतिक स्थिरता, मानव अधिकार, नागरिक स्वतन्त्रता जस्ता पंक्षमा देश र समाजलाई ल्याएमा सकारात्मक विकास सम्भव हुन्छ।

जस्तै हिजोको वा विगतका ढुंगेयुगका मानवको कृयाकलाप र आजको आधुनिक मानवको कृयाकलापमा फरक छ । हिजोको शिक्षा नैतिकतामा आधारित थियो भने आजको शिक्षा व्यवहारिकतामा आधारित छ । हिजोको मानिस गाँस, वास र कपासका लागि संघर्ष, प्रतिस्पर्धा र द्वन्द्व गर्दथे भने आजका मानिस ती बाहेक आफ्नो नाम, दाम र इज्जतका लागि संघर्ष, प्रतिस्पर्धा र द्वन्द्व गर्दछन् । हिजोको धर्म एकै हुनुपर्छ भन्ने मान्यतामा आधारित थियो भने आजको धर्म अनेकमा एक भन्ने मान्यतामा आधारित छ ।

यसरी समयको क्रमसँगै समाजका हरेक कृयाकलाप मानवीय सहयोग, द्वन्द्व, प्रतिस्पर्धा संघर्ष आदिबाट परिवर्तन हुँदै आएको छ । समाज ढुंगे युगबाट आजको आधुनिक युगसम्म आइपुग्दा विभिन्न परिवर्तनहरु देखा परेका छ । मानवीय गतिविधिसँगै समाज पनि परिवर्तनको लहरमा चलेको छ । मानिसले गर्ने कृयाकलापले समाज परिवर्तनमा ठूलो भुमिका खेलेको हुन्छ। अन्त्यमा, समाज एक गतिशिल प्रक्रिया हो । हिजो र आजको समाजलाई तुलना गरेर पनि समाज परिवर्तनशील छ । यो प्रक्रिया हिजो देखि आजसम्म र आजदेखि भोलिसम्म चलि नै रहने छ ।

नेपाल एउटा बहुधार्मिक र बहुसांस्कृतिक देश हो । यस देशका हरेक जातजातिका आफ्ना मौलिक संस्कार र संस्कृति छन् । हामी विभिन्न जातजातिहरु राष्ट्रियताको एक सूत्रमा बाधिएका छौं । हाम्रो राष्ट्रिय गानको पहिलो पंक्ति सयौं थुगा फूलका हामी एउटै माला नेपालीबाटै यो मार्मिक भाव ब्यक्त हुन्छ । यसर्थ अनेकतामा एकता नै हाम्रो पहिचान हो । यसरी यस समाजमा बस्ने हरेक जाति सामाजिक संरचनाका एक एकाइ हुन् । जाति विनाको

समाजको परिकल्पना पनि गर्न सकिन्न । नेपाल बहुभाषिक, बहुधार्मिक, बहुजातिय र बहुसंस्कृति भएको देश हो । समाजमा हरेक जातजातिको सामाजिक सांस्कृतिक भूमिका रहेको हुन्छ ।यसै क्रममा यहाका आदिवासी जनजाति मूलका आठपहरियाराई जाति आफ्नो छुट्टै मौलिक पहिचान बोकेको ऐतिहासिक जाति हो । यस जातिको आफ्नै मौलिक भाषा,संस्कार र संस्कृति रहेको छ र उनिहरु पनि नेपाली समाजका एक एकाइ हुन् । अन्य जातिका संस्कार र संस्कृतिसँग अर्न्तसम्बन्ध र अर्न्तनिर्भरता रहने भएकाले यस अनुसन्धानमा आठपहरियाराई जातिको प्रमुख सामाजिक, आधुनिकताको अध्ययन गर्दा यस सिद्धान्तसँग तात्विक सम्बन्ध राख्दछ ।

आधुनिकतामा गरिएका अवमूल्यनहरुको पहिचान गर्दै प्रत्येक विकास कार्यमा जागरण, चेतना तथा परिचालनलाई आत्मासाथ गर्दै विद्यमान विकासका परम्परागत रणनीतिमा परिवर्तन गर्न जोड दिन्छ । समाजमा रचनाको विश्लेषण गरी महिला पुरुषवीचको सम्बन्धलाई प्रत्येक समाज र संस्कृति अन्तर्गत रहेरविश्लेषण गर्न सकेमा विकासमा आधुनिकताकोप्रभावलाई बुझ्नसकिन्छ, (GAD Approach, 1995)

यसरी भन्न सकिन्छकी आठपहरिया जातिको आधुनिकताकोस्थितिलाई हेर्न त्यस समाजलाई आधार बनाएर त्यसको Social Structure लाई बुझ्नु पर्दछ । प्रत्येक जातिमा आ-आफ्नै संस्कार र संस्कृति रहेको पाइन्छ । सामाजिक जीवन र जीवनपद्दतिको तरिका पनि फरक छ। यही पृष्ठभूमिमा मात्र हामीसाँस्कृतिक रचना के कस्तो छ ? खोज्न र बुझ्न सक्छौं।

### २.२.२.विश्वव्यापीकरणको सिद्धान्त

विश्वव्यापी अन्तरदेशीय आर्थिक सम्बन्धलाई व्याख्या गर्ने नविन उपागमन विश्व व्यवस्थात्मक उपाकगमन हो । जसले विश्व संरचनालाई एउटा व्यवस्थात्मक उपागमन हो । जसले विश्व संरचनालाई एउटा व्यवस्था मानेर त्यसमा रहेका प्रत्येक देशलाई एकाइ मानी विभिन्न एकाई बीचको सम्बन्धको व्याख्या र विश्लेषण गर्दछ । वर्तमान समय एकल विश्व अर्थतन्त्रमा आधारित छ । जुन पूँजीवादी अर्थ व्यवस्था उपागमनबाट तेस्रो विश्वका देशमा विकास र अविकासका सिर्जनाका बारेमा अर्थनीतिका सम्बन्धका बारेमा चर्चा गरिन्छ ।

विश्व व्यवस्थाको यस सैद्धान्तिक उपागमन एक वृहत तहको सैद्धान्तिक विश्लेषणमा आधारित छ । आधुनिक विश्व व्यवस्थाको सन्दर्भमा **वालेस्ट्राइन**ले अन्तराष्ट्रिय श्रम विभाजन

सँगै राजनैतिक र साँस्कृतिक सिमाको प्रतिबन्ध विनाको वृहत आर्थिक र सामाजिक शैलीको नक्कल गर्नु पर्ने अवस्था तथा विभिन्न देशहरु बीच विकासका अवास्तविक सम्बन्धको सिर्जनाकोबारेमा विश्लेषण गर्दै तेश्रो विश्व वा गरीव राष्ट्र किन र कसरी शोषणमा परेका छन् भन्ने देखाउन विश्व ब्यवस्था सिद्धान्तको विकास गरिएको हो ।

एकातिर मार्क्सवादी अवधारणा अनुसार शुरुको तहमा वर्गिय संघर्षलाई बढी जोड दिइएको तर उत्पादन व्यवस्थामा अन्तरदेशिय प्रभाव र सम्बन्धलाई विश्लेषण नगरिएको अवस्था, अर्कातिर सन् १९५० पछि विकसित विश्व समुदायमा आधुनिकीकरण अनुरुपको विकासको ढाँचाले तेश्रो विश्वका देशमा सफल प्रभाव पार्न नसकेको यथार्थलाई नै आधार बनाएर विश्व पूँजीवादी अर्थतन्त्र र त्यस अन्तर्गतको अन्तरदेशिय सम्बन्धलाई विश्लेषण गर्ने सम्बन्धमा  विश्वव्यवस्थात्मक उपागमन तथा मोडेलेको विकास भएको पाइन्छ ।

उत्पादन संरचनामा परिवर्तनको स्थितिले पनि विश्व व्यवस्थात्मक सिद्धान्तको विकास गराएको पाइन्छ । विश्वव्यापी श्रम विभाजनले प्रत्येक देश बीचको अन्तरनिर्भरतालाई पनि बढायो । प्रत्येक समाजमा सामाजिक, आर्थिक र  राजनैतिक संरचनाहरु पनि विश्व अर्थतन्त्रबाट प्रभावित हुन पुगे ।  (आचार्य, २०५८)

**आधुनिकीकरणको सिद्धान्त**

आधुनिकीकरणको सिद्धान्तका सम्बन्धमा **डब्लु डब्लु रोष्टो, एन जे स्मेलर, होसिलिज, रोवर्ट रेडफिल्ड**ले आ-आफ्नो धारणा राखेका छन । आधुनिकीकरणका सिद्धान्तमा **डब्लु डब्लु रोष्टोले** आर्थिक बृद्धिको विश्लेषण गर्न ऐतिहासिक उपागमनलाई अवलम्बन गरेका छन । यसै गरी एन जे स्मेलरले सामाजिक सम्बन्धमा कृतिम विकास

र आधुनिकीकरण विचको सम्बन्धलाई प्रष्टाएका छन । आधुनिक समाजका मूल्य, मान्यता विचमा तुलनात्मक अध्ययन गरेका छन, भने अर्का समाजशास्त्री **रोवर्ट रेडफिल्डले** आधुनिकीकरणका सम्बन्धमा IDEL Typical Index Approach लाई अगाडि सारेका छन ।

सन् १९७० को दशकमा चर्चाको शिखरमा रहेको यो आधुनिकीकरण सिद्धान्तले आर्थिक विकासको अवधारणालाई जोड दिन्छ । यसले समाजलाई एक स्वरुप संरचना र सम्बन्धबाट अर्को स्वरुप सम्बन्ध र संरचनमा परिबर्तन गर्न महत्वपूर्ण भुमिका खेल्दछ । आधुनिकीकरण भनेको परम्पराबाट आधुनिकता तर्फ वा अल्प विकसितबाट विकसित तर्फ परिबर्तन हुने प्रक्रिया हो । संसार परिबर्तनशील छ । आजका व्यक्ति, परिवार, समुदाय संगठन सवै नयाँ आयामको खोजीमा निस्केका छन । नयाँ ब्यवहार, प्रविधि, शीप चलन पद्धति भुमिका भित्रिदै जाँदा समाज आधुनिकताको मार्गमा लम्किदै गएको छ । आधुनिकताले जातिय छुवाछुत, लैङ्गिक दृष्टिकोण जातिय कट्टरतामा परिबर्तन आउँछ । समाजमा पिछडिएका जाति, महिला गरी योजनाको छनोट गरिएको हुन्छ । सामुदायिक परिचालनमा स्थानीय महिला, पुरुष एवम पछि परेका समुदायिक परिचालनमा स्थानीय महिला, पुरुष एवम पछि परेका समुदायलाई सहभागिताको माध्यमबाट उत्साहित गर्ने, उनीहरुमा भएको शीप स्रोत र साधानलाई परिपुर्ति गर्न सक्ने अवस्थाको सृजना गराउँछ । जसले गर्दा गरिवी न्युनिकरण गर्न मद्दत पुग्दछ ।

आधुनिकीकरणको सिद्धान्तले आर्थिक विकास सँगै सम्बन्धित छ । आर्थिक बिकासमा सामाजिक मुल्य, मान्यता, दर्शन सम्बन्ध र अभ्यासले महत्वपूर्ण भुमिका खेल्ने कुरामा जोड दिएका छन । (**होसिलिज,१९६९**) यस प्रक्रियामा स्वयंमा जनताले शारीरिक क्षमता मात्र प्रदान नगरी नैतिक समर्थन, आर्थिक तथा जिन्सीको हस्तान्तरण पनि गरिन्छ । यसलाई ब्यवहारिक रुप दिन सही बिकेन्द्रिकरण नीतिको आवश्यकता पर्दछ । जसका माध्यमबाट स्थानिय सीप स्रोत र साधनलाई पूर्ण जनसहभागिताका माध्यमबाट परिचालन गराउनु पर्दछ ।

**भाषा** :-प्राय आठपहरिया राईहरु आफ्नो मातृभाषामा नै बोल्छन । त्यसमा पनि आफ्नो घर परिवारमा आफ्नो मातृभाषामा नै कुराकानी गर्दछन । घर परिवार र आफ्नो समुदाय भित्र आफ्नो भाषा बोलेता पनि अन्य समुदायसँग विचारको आदान प्रदान गर्दा नेपाली भाषाको नै प्रयोग गर्दछन । जे सुकै भएतापनि उनीहरुको पहिलो मातृभाषा आफ्नै आठपहरिया राई र दोस्रो भाषा नेपाली भाषा हुन् ।

**चाडपर्व :–** आठपहरिया जातिहरुले मनाउने मुख्य चाड भनेको मंसिरे चाड हो । यो चाड मनाउन उनीहरु एकै ठाउँमा भेला भई खानपिन गरी रमाईलो गरी मनाउछन । यसका अलावा अन्य चाडपर्व पनि मनाउने गर्दछन ।

**रहन सहन** :-रहनसहनले नै वास्तबमा संस्कृतिको निर्माण गर्दछ । मानव समाजलाई चिनाउने आधारनै उसले निर्माण गरेको सस्कृति हो । सस्कृति सम्बन्धी नियमको पालनाले नै मानव सभ्यता विकसित हुदै दिन प्रतिदिन खारिदै गरेको छ । दैनिक जीवनमा चल्ने प्रकृयालाई सरल, सुगम र व्यवहारिक बनाउन आठपहरिया समुदायले आफ्नो चालचलन र रहनसहन अंगाल्दै आएका छन् । भौगोलिक, सामाजिक, आर्थिक र सांस्कृतिक विविधताले रहनसहनमा भिन्नता ल्याएको हुन्छ ।

**खानपान**:-यस क्षेत्रका आठपहरिया जातीहरुको दैनिक खानपानका मुख्य वस्तु स्थानिय स्तरमा उत्पादन हुने  धान, मकै, गहूँ, कोदो, जौं, तरकारी र फलफूल मुख्य रहेको छ । खाना बाहेक जाँड रक्सी आफैले तयार गर्ने चलन छ । यिनीहरु मासुको रुपमा घर पालुवा जनावर राँगा,सुंगुर, खसी, वोको,कुखुरा, परेवाखाने गर्दछन ।

**भेषभुषा**:-आठपहरिया समाजको भेषभुषा आफ्नै प्रकारको छ । जहाँ उनीहरुको भेषभुषाले आठपहरिया महिला अथवा पुरुष मानिस प्रष्टसंग चिन्न सकिन्छ । आठपहरिया जातिका स्त्रीहरु एक प्रकारको पहिरन लगाउदछन । जसलाई मेखली भन्दछन । यो एक किसिमको घांटी देखि घूडासम्म ढाक्ने बाहुला नभएको खुकुलो पहिरन हो । यो सेतो रंगको हुन्छ । अन्य रंगको हुदैन । जो हाते बून तान द्वारा बुनिएको हो । टिक टिके सारि (सीम) लाई लुंगी जस्तो पारेर दुवै फेरमा सिलाई लगाउदछन ।

**गरगहना** :- १. टाउको वा शिरमा लगाउने गरगहना वा आभुषणमा किलिप, टीका, कर्णफूल, विजकनी, नाक ढुंग्री, बुलाकी हुन । यी गरगहना विशेष गरेर सुन चाँदीको बनाइएको हुन्छ । २. गलामा वा घांटीमा लगाउने गरगहना वा आभुषणमा छिकिमा, माला, राङछी(कम्पनि रुपैया), कंठमाला, नक्कली मूगाको माला, चारानी, आठानी वा रुपैयाँको रोजीहारी हुन् ।३. हातमा लगाउने गहनामा चुरा, अगुंठी, औंठी आदि उल्लेख गरिएको छ ।

यी माथि उल्लिखित गरगहना तथा आभुषणहरु हालमा कसैले एकदम कम मात्र लगाएको पाईयो । यी गरगहना कम प्रयोग गर्नुको कारण कति टुटेर गए भने कति विक्री गरेर आर्थिक समस्याको समाधान गरेको कुरा स्थानीय वासिन्दा बताउँछन ।

### २.२.३ लोकविधि विज्ञानको सिद्धान्त

समाजशास्त्रमा समाज र संस्कृतिको व्याख्या र विश्लेषण गर्ने लोकविधि सिद्धान्त एक नया र सूक्ष्म प्रकृतिको व्यवहारको अध्ययन गर्ने सिद्धान्त हो । समाजशास्त्रमायस सिद्धान्तको प्रयोग सर्वप्रथम हारोल्ड गारफिङ्केलको लोकविधि सिद्धान्त अन्तरक्रियावादमा आधारित छ । यसलाई जनताको विधिसमेत भनिन्छ । व्यक्ति व्यक्तिले गर्ने क्रियाकलाप वा व्यवहारबाट सिङ्गो सामाजिक व्यवस्थाका नियमहरू चलेका हुन्छन् । प्रत्येक व्यवहार आफैमा अर्थपूर्ण छ भन्ने मान्यतालाई यसले जोड दिन्छ । प्रत्येक समाजमा आआफ्नै किसिमका सामाजिक मूल्य र मान्यता तथा संस्कृति, अर्थव्यवस्था र परम्पराहरू रहेका हुन्छन् । यसैका आधारमा सामाजिक व्यवहार क्रियाकलाप र सम्बन्धहरू स्थापित भएका हुन्छन् । प्रत्येक व्यवहार र क्रियाकलापमा जनताको आफ्नै बुझाइ, अर्थ र धारणा रहेको हुन्छ । समाजका मानिसका निजी धारणा र सामाजिक यथार्थबाटै सामाजिक व्यवस्थाले निरन्तरता पाएको हुन्छ । यहि प्रक्रियाबाट नै सामाजिक संस्था र संरचनागत नियमहरू बन्दछन् । यिनीहरू जनताका दृष्टिकोण र मान्यतासँगै परिवर्तनसमेत भइरहन्छन् । लोकविधिशास्त्रले मानिसहरूले के कुरा गर्दछन् ? भन्नेमा जोड दिन्छ । यसले प्रत्येक मानिसहरूको साझा अर्थको संसार हुने कुरामा जोड दिन्छ । त्यसैले लोकविधि सिद्धान्तको महत्वपूर्ण कार्य भनेको प्रत्येक समाज र संस्कृतिका मानिसको व्यवहार, क्रियाकलाप र आपसी अर्न्तक्रियालाई बुझ्नु हो । यस सिद्धान्तलाई व्याख्या र विश्लेषण गर्ने प्रमुख श्रेय हारोल्ड गारफिङ्केललाई जान्छ ।(उनले सन् १९६७ मा studies in Ethnomethodology भन्ने कृति प्रकाशित गरी लोकविधि विज्ञान सिद्धान्तको व्याख्या गरेको थियो (पोखरेल, २०६३: ११९)

यसरी लोकविधि सिद्धान्तले सामाजिक घटनाको विश्लेषण व्यक्तिगत विधि, मानिसका क्रियाकलापबाट यसको परिवर्तन र परिमार्जन हुने कुरामा जोड दिएकाले आठपहरिया राई जातिको परिवर्तनसमेत यस सिद्धान्तको आधारभूत मान्यतामा आधारित देखिन्छ । त्यसैले यो शोध कार्य लोकविधि सिद्धान्तको अवधारणालाई आत्मसात गर्दै सम्पन्न गरिएको छ ।

# अध्याय-तीन

# अनुसन्धानविधि

## ३.१ अनुसन्धान विधि

अनुसन्धानको कार्य एक जटिल तथा वैज्ञानिक कार्य हो । यसका आफ्नै नियम, प्रकृया र पद्धतिहरु हुन्छन् जसको पूर्ण अवलम्बनबाट मात्रै अनुसन्धानको कार्य विश्वसनीय र भरपर्दो हुन सक्दछन् । सामाजिक अध्ययनका चलहरु अन्य अध्ययनका भन्दा ज्यादा चलायमान हुने भएकोले यस अध्ययनमा अझ बढी सतर्कता र उपयुक्त विधिको अवलम्बन गरिनु अपरिहार्य ठानिएकोछ । अतः यस अध्ययनलाई सुव्यवस्थित तवरले सम्पन्न गरी तार्किक निश्कर्षमा पुऱ्याउनका लागि निम्नानुसारका अनुसन्धान पद्धति अवलम्बन गरिएको छ । अनुसन्धान संख्यात्मक र गुणात्मक दुवै विधिको संयोजन गरी मिश्रित विधिबाट गरिएकोछ ।

## ३.२ अनुसन्धान ढाँचा

प्राथमिकतथ्याङ्क र द्वितीय तथ्याङ्कका आधारमा आठपहरिया राई जातिको अध्ययन गरी सामाजिक र आर्थिक अवस्थाको बारेमा विश्लेषण गरिएको छ । आठपहरिया राई जातीका मानिसहरूले बदलिँदो जीवनपद्धतिलाई अनुकुल बनाउने सन्दर्भमा तिनीहरूको दैनिक क्रियाकलाप, रोजगारी, काम गर्ने शैली, परम्परागत संस्कार, रीतिरिवाज, चाडपर्व आदि मनाउने क्रममा विगत र वर्तमानमा भएका कामहरू जीवन गुजाराको लागि तिनका आर्थिक क्रियाकलाप, अन्य जाति र समुदायप्रति तिनको दृष्टिकोण, राजनीतिक गतिविधिमा संलग्नता र यिनका शैक्षिकस्तर आदी विभिन्न पक्षहरूलाई आधार मानी संकलन गरिएका तथ्याङ्कहरूलाई विश्लेषण गरी निचोडमा ल्याउन यो शोधमा पूर्णरुपले वर्णनात्मक र विश्लेषणात्मक अनुसन्धान ढाँचालाई अपनाइएको छ ।

## ३.३ समग्रं/नमूनाको छनौटः

कुनै पनि अनुसन्धान तथ्यपरक हुन्छ । तथ्यलाई विश्वसनीय बनाउन समग्र अध्ययन समय स्रोत साधनको अभाव हुने हुँदा त्यसलाई सहज बनाउन प्रतिनिधिमुलक एकाइ छनोट गरी अध्ययन अनुसन्धान गर्नु पर्ने हुन्छ । जुन नमुना छनोट हो त्यसले नै सम्पूर्णताको

प्रतिनिधित्व गरेको हुन्छ भन्ने मान्यता रहेको हुन्छ । उद्देश्य पूरा गर्नको लागि शोध प्रस्तावमा उद्देश्यमुलक विधि अपनाइएको छ । यसका साथै केही हदसम्म समानुपातिक स्तरीकृत नमुना छनोटलाई पनि प्रयोग गरिएको छ ।

यसमा धनकुटा नगरपालिका-४ मा रहेका आठपहरियाको जनसंख्या ३२७,परिवार संख्या७२मध्येबाट ५०उत्तरदाता छनोट गरी अध्ययन अनुसन्धान गरिएको छ ।

**क) गुणात्मक तथ्याङ्क**

गुणात्मक तथ्याङ्क अन्तर्गत रंग, यौन, राष्ट्रियता, आर्थिक, सामाजिक, राजनैतिक स्थिति, वैवाहिक स्थिती आदि विशेषतासँग सम्बन्धित तथ्यहरुको आधारमा वर्गीकरण गरिएको छ ।

**ख) संख्यात्मक तथ्याङ्क**

संख्यात्मक तथ्याङ्क अन्तर्गत संख्याहरुको रुप, आँकडाको गणना एवं नापको बारेमा अध्ययन गरिएको छ । यो तथ्याङ्कलाई पनि २ भागमा विभाजन गरी अनुसन्धान गरिएको छ ।

**३.४तथ्याङ्कको श्रोत**

यस अध्ययनका लागि प्राथमिक तथा द्वितीयतथ्याङ्कदुवै श्रोतबाट संकलन गरिएको छ। प्राथमिक स्रोत अनुसार तथ्याङ्क संकलन गर्न अवलोकन, अन्तरवार्ता र घरगन्ती सर्वेक्षण आधारमा प्रश्नावली फारम भरीतथ्याङ्क  संकलन गरिएको छ । वैयक्तिक स्रोतका रुपमा केही प्रकाशित पुस्तक पत्रपत्रिका र अप्रकाशित शोधग्रन्थ तथा कार्यालयहरूका अभिलेखलाई गरिएको छ। द्वितीय स्रोत अन्तर्गत आठपहरियाराई जातिका बारेमा प्रकाशित लेख वा लेखिएका पुस्तकहरू, लेख रचनाहरूलाई अध्ययन गरीतथ्याङ्क  संकलन गरिएको छ ।

**३.४.१ प्राथमिक तथ्याङ्क**

यस विधि अन्तरगत अनुसन्धानकर्ता स्वयम् छनौटमा परेका स्थानमा गएर व्यक्तिगत तथा सामुहिक अन्तरवार्ता, प्रश्नावली, अवलोकन तथा सर्वेक्षण गरि तथ्याङ्कहरू संकलन गरिएको छ।आफैले स्पष्ट, व्यवस्थित र उद्देश्यमूलक वनाउनका लागि स्थलगत अध्ययन गरी निम्न अनुसारका विधिहरू प्रयोग गरी तथ्याङ्क संकलन गरिएको छ।

### ३.४.२ द्वितीय तथ्याङ्क

यस विधि अन्तरगत सम्बन्धित कार्यालयमा रहेका प्रोफाइल, राष्ट्रिय तथ्याङ्क विभागका प्रकाशित तथ्याङ्कहरू, व्यक्तिगत एवं सरकारी स्तरबाट प्रकाशित लेख, रचना, पुस्तक, पत्रपत्रिका,प्रतिवेदन र अन्य उपलब्ध सूचनाहरू राखिएको छ ।

## ३.५ प्राथमिक तथ्याङ्क संकलन विधिहरू

### ३.५.१ अन्तरवार्ता

कुनै पनि अनुसन्धानमा निर्दिष्ट उद्देश्यको लागि लक्षित प्रश्नहरूको उत्तर प्राप्त गर्न उत्तरदाता र अन्तरवार्ताकार वीच औपचारिक र अनौपचारिक वार्तालापनै अन्तरवार्ता हो । जहाँ तथ्याङ्क संकलनका क्रममा व्यक्तिगत तहमा रहेर अनुसन्धानकर्ताले उत्तरदातासँग प्रत्यक्षरुपमा भेटघाट गरी आवश्यक सूचना लिइएको छ।

### ३.५.२ अवलोकन

अनुसन्धानका क्रममा अनुसन्धानकर्ताले अनुसन्धानको विषयमा केन्द्रित रहेर विषयवस्तुलाई प्रत्यक्ष नियाल्दै यथार्थ तथ्यहरुको जानकारी लिने कार्य अवलोकन हो ।

### ३.५.३ प्रश्नावली

सामाजिक अनुसन्धानका क्रममा तयार पारिएका विभिन्न प्रकारका सुचीवद्ध प्रश्नहरूलाई उत्तरदाता समक्ष पुऱ्याई आवश्यक सूचनाको संकलन गरीने तरीकालाई प्रश्नावली भनिन्छ ।

### ३.५.४ सामाजिक सर्वेक्षण

सामाजिक सर्वेक्षण तथ्य पत्ता लगाउने विधि हो । वर्णनात्मक प्रकृतिको सूचना संकलन गर्ने र अनुसन्धानका विभिन्न पक्षहरूमा जानकारी प्राप्त गर्ने उद्देश्यले वृहतरुपमा प्रश्नावली अन्तरवार्ता, अवलोकन आदि माध्यमबाट अनुसन्धान गर्ने प्रकृया हो । जसले सामुदायका समस्याको प्रकृतिको वारेमा जानकारी दिलाउन सकिन्छ । त्यसैले अनुसन्धानका लागि आवश्यक पर्ने सामाजिक सर्वेक्षण विधिको सहायताले तथ्याङ्क संकलन गरिएको छ ।

**३.६ तथ्याङ्कको व्याख्या र विश्लेषण :**

कुनै पनि विषयको अध्ययन अनुसन्धान गर्नका लागि उद्देश्यपूर्ण रुपमा लिइएको आवश्यक सूचनाहरुलाई उचित ढंगले प्रस्तुत गरी व्याख्या विश्लेषण गर्नु पर्ने हुन्छ । यस अध्ययनमा संकलित तथ्याङ्कलाई संख्यात्मक र गुणात्मक आधारमा सामान्य तालिकीकरणको माध्यमबाट तथ्याङ्कलाई व्याख्या र विश्लेषण गरिएको छ ।

# अध्याय : चार

# अध्ययन क्षेत्रको परिचय

## ४.१ धनकुटा जिल्लाको परिचय :

पूर्वाञ्चलकै ऐतिहासिक, गौरव बोकेको यो जिल्लाको नाम धनकुटा कसरी रहन गयो भन्ने सम्बन्धमा मेची देखि महाकालीमा यस्तो उल्लेख भएको छ । “धनकुटाको सदरमुकाममा कागते पोखरी अवस्थित छ । यो पोखरीको उत्तरमा डाँडाका दुई थुम्काहरु छन् । झलक्क हेर्दा यी थुम्काहरु ढिकिका खाबाहरु देखिने तथा कागते पोखरी धानकुट्ने ओखल जस्तो लाग्ने र धानकुटेको जस्तो अनुभूति हुने हुँदा धानकुटा अर्थात “धनकुटा” रहेको भन्ने स्थानिय जनश्रुति छ । (जिल्लाको पार्श्वचित्र- धनकुटा २०६६: १)

धनकुटा जिल्लामा विभिन्न धार्मिक मठमन्दिरहरु रहेका छन् । ती मध्ये जाल्पादेवी मन्दिर, निशानभगवति मन्दिर, विश्रान्ती मन्दिर, पाथीभरा देवी मन्दिर आदि यस जिल्लामा रहेका पर्यटकिय स्थानहरु भेडेटार, हिलेबजार, राजारानी, धनकुटा बजारले यस जिल्लाको गौरव बढाएको छ । यस जिल्लामा बग्ने तमोर र अरुण नदिहरु शप्तकोशीका प्रमुख नदिहरु हुन । यी नदि बाहेक लेगुवा, माँगमाया आदि सहायक खोलाहरु छन् । धनकुटा जिल्लामा रहेको खोकु गाउँको सुन्तला देशभरी नै प्रख्यात छ । कृषि क्षेत्रमा पनि यो जिल्ला प्रख्यात छ । यहाँका फलफूल तथा तरकारी नेपालमा मात्र नभएर छिमेकी देश भारतमा पैठारी हुन्छ ।

धनकुटा जिल्ला पूर्वाञ्चल विकास क्षेत्र कोशी अञ्चल स्थित मनोरम जिल्ला हो । भौगोलिक स्थिति अनुसार धनकुटा जिल्ला २६$^{\circ}$ ५३’ देखि २७$^{\circ}$ १९’उत्तर अक्षांश र ८७$^{\circ}$ ८’ देखि ८७$^{\circ}$ ३३’ पूर्व देशान्तर भित्र पर्दछ यसको क्षेत्रफल ८८७.७ वर्ग किलोमिटर छ । पूर्वतर्फ तेह्रथुम र पाँचथर जिल्लाहरु, पश्चिमतर्फ उदयपुर र भोजपुर जिल्लाहरु उत्तरतर्फ संखुवासभा जिल्ला र दक्षिण तर्फ मोरङ र सुनसरी जिल्लाहरु धनकुटा जिल्लाको सिमाना हुन । (जिल्ला पार्श्वचित्र धनकुटा २०६६ पेज नं. २) धनकुटा जिल्ला मध्य पहाडी प्रदेशमा अवस्थित छ । यस जिल्लाको ज्यादै सानो भाग (०.१%) सिवालिक क्षेत्रमा रहेको छ भने बाँकी सबै भाग मध्य पहाडी क्षेत्रमा रहेको छ । यहाँ लेक, बेंशी र नदिनालाहरु छन्(जिल्ला पार्श्वचित्र धनकुटा २०६६:२)

नेपाल सरकार नापी विभागबाट सन् १९९५ मा प्रकाशित नक्शा अनुसार यस जिल्लाको भू-धरातलिय स्थिति समुद्र सतहबाट १२० मिटर देखि लिएर २७०२ मिटरसम्मको उचाइमा रहेको छ। टोपोसिट नं.२६८७/०१ बी र २७८७/डी अनुसार जिल्लाको सबैभन्दा कम उचाईमा रहेको ठाउँ कोकाहा खोला र सप्तकोशी नदि दोभान छेउ कोकाहाको बाँया किनारा आहाले गा.वि.स.मा रहेको छ भने सबै भन्दा अग्लो ठाउँ पटके डाँडा मूर्तिढुङ्गामा रहेको छ।(जिल्लाको पार्श्वचित्र धनकुटा २०६६ :३)।

### ४.१.१ अध्ययन क्षेत्रको जनसंख्या सम्बन्धी विवरण

धनकुटा जिल्लामा रहेको कुल जनसंख्या १,६८,८३२ मध्ये ८७,९७२ (५२.११%) पुरुष र ८०,८६०(४७.८९%) महिला रहेका छन्। उक्त जनसंख्यालाई ५/५ वर्षको उमेर समूहमा वर्गिकरण गर्दा सबैभन्दा बढी १०-१४ वर्ष उमेर समूहमा २०,१९६ जना रहेका छन् भने सबैभन्दा कम ७०-७४ वर्ष उमेर समूहमा २,७४३ जना रहेका छन्।

**तालिका नं. ४.१**

**जिल्लाको उमेरगत जनसंख्या विवरण**

| उमेर समूह | पुरुष | महिला | जम्मा | लैङ्गिक अनुपात |
|---|---|---|---|---|
| ०-४ | ७२७३ | ६६३२ | १३९०५ | १०९।६६ |
| ५-९ | ९४६५ | ८६२५ | १८०९० | १०९.७४ |
| १०-१४ | १०६३१ | ९५६५ | २०१९६ | १११.१६ |
| १५-१९ | ९५२४ | ८९५३ | १८४७७ | १०६.७८ |
| २०-२४ | ९१४४ | ८४१९ | १७५६३ | १०८.६१ |
| २५-२९ | ७६५५ | ६८८१ | १४५३६ | १११.२५ |
| ३०-३४ | ६३०७ | ५९०१ | १२२०८ | १०६.७८ |
| ३५-३९ | ५५४६ | ५१३८ | १०६८४ | १०७.९४ |
| ४०-४४ | ४८९३ | ४६६८ | ९५६१ | १०४.८२ |
| ४५-४९ | ४१२६ | ३८५८ | ७९८४ | १०६.९५ |
| ५०-५४ | ३५३८ | ३२८९ | ६८२७ | १०७.५७ |
| ५५-५९ | २७८८ | २५८८ | ५३७६ | १०७.७३ |
| ६०-६४ | २४६१ | २३०९ | ४७७० | १०६.५८ |
| ६५-६९ | १६३७ | १४१५ | ३०५२ | ११५.६९ |
| ७०-७४ | १४५७ | १२८६ | २७४३ | ११४.९१ |
| ७५+ | १५२७ | १३३२ | २८६० | ११४.५५ |
| जम्मा | ८७९७२ | ८०८६० | १६८८३२ | १०९.०० |

*स्रोत : राष्ट्रिय जनगणना २०६८।*

माथिको तालिकाले जनसंख्याको लिङ्ग अनुपातलाई पनि देखाएको छ । माथिको तालिकामा सबै उमेर समूहमा महिलाको भन्दा पुरुषको संख्या अधिक भएकोले सबै उमेर समूहको लिङ्ग अनुपात १०० भन्दा बढी छ । धनकुटा जिल्लाको प्रति १०० महिलामा लगभग १०९ जना पुरुष रहेका छन् । धनकुटा जिल्लाको लिङ्ग अनुपात नेपालको जनगणनाबाट प्राप्त तथ्याङ्कको आधारमा नेपालको लिङ्ग अनुपातको ठीक विपरित छ । किनकि नेपालको लिङ्ग अनुपात १०० भन्दा कम छ ।

### ४.१.२ जातिगत जनसंख्या विवरण

वि.सं. २०६८ को जनगणना अनुसार यस जिल्लाको कूल जनसंख्या १,६८,८३२ रहेको छ । नेपाल एक बहुजाति, बहुधर्मी, बहुभाषी, बहुसंस्कृतिको साझा फूलवारी हो । यस जिल्लामा पनि विभिन्न जातजातिका मानिसहरुको बसोबास रहेको छ । जसलाई दलित, आदिवासी/जनजाति र अन्य जातिमा विभाजन गरी निम्न तालिकामा उल्लेख गरिएको छ ।

**तालिका नं. ४.२**

**जिल्लाको जातिगत जनसंख्या विवरण**

| क्र.सं. | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | आदिवासी/जनजाति | १,११,६३६ | ६६.१२% |
| २ | दलित | १२,०४९ | ७.१३% |
| ३ | ब्राहमण र क्षेत्री | ४४,३४१ | २६.३% |
| | जम्मा | १,६८,८३२ | १००% |

*स्रोतः जिल्ला पार्श्वचित्र धनकुटा, २०७४ ।*

माथिको तालिका अनुसार धनकुटा जिल्लाका १,६८,८३२ जनसंख्या मध्ये १,११,६३६ अर्थात ६६.१२% जनसंख्या आदिवासी/जनजातिको रहेको देखिन्छ । ब्राहमण र क्षेत्रीकोजनसंख्या ४४,३४१ अर्थात २६.३% र दलितको जनसंख्या १२,०४९ अर्थात ७.१३% रहेको छ । यस तालिकाको आधारमा धनकुटा जिल्लालाई आदिवासी/जनजातिहरुको बहुल्याता रहेको जिल्लाको रुपमा चिन्न सकिन्छ ।

### ४.१.३ धर्मसम्बन्धी जनसंख्या विवरण :

यस जिल्लामा विभिन्न धर्म मान्ने मानिसहरुको बसोबास रहेको छ । जसमा हिन्दू, बौद्ध, किरात, इस्लाम, क्रिस्चियन र अन्य धर्म मान्नेहरुको बसोबास रहेको छ । धर्म सम्बन्धी जनसंख्यालाई निम्न तालिकामा उल्लेख गर्न सकिन्छ ।

**तालिका नं.४.३**

**जिल्लाको धर्मसम्बन्धी जनसंख्या विवरण**

| क्र.सं. | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | हिन्दू | १,००,९७६ | ५९.८०% |
| २ | बौद्ध | १९,३२५ | ११.४४% |
| ३ | किरात | ४५,८६८ | २७.१७% |
| ४ | इस्लाम | ४२३ | ०.२५% |
| ५ | क्रिस्चियन | १,२५४ | ०.७४% |
| ६ | अन्य | ९८६ | ०.५८ |

स्रोतः जिल्ला पार्श्वचित्र धनकुटा, २०७४ ।

माथिको तालिका हेर्दा धनकुटा जिल्लामा रहेको कूल जनसंख्या १,६८,८३२ मध्ये १,००,९७६ अर्थात ५९.८०% हिन्दू धर्म रहेको पाइन्छ । यो सबैभन्दा बढी धर्म मान्ने संख्या हो भन्न सकिन्छ । त्यसै गरी सबैभन्दा कम ४२३ जना अर्थात ०.२५% ले इस्लाम धर्म मान्ने गरेको पाइन्छ ।

### ४.१.४ पेशाका आधारमा जनसंख्या विवरण :

आर्थिक तथा रोजगारीको स्थितिको चर्चा गर्दा धनकुटा जिल्लाको अर्थतन्त्र र रोजगारीमा योगदान पुऱ्याउने मुख्य क्षेत्रहरु कृषि, वैदेशिक रोजगार, व्यापार, सरकारी सेवा आदि रहेका छन् । यस जिल्लाको पेशागत विवरण निम्न तालिकामा उल्लेख गरिएको छ ।

### तालिका नं. ४.४

### जिल्लाको पेशागत जनशक्तिको विवरण

| क्र.सं. | कार्य विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | कृषि | ५६,५६० | ३३.५६% |
| २ | सरकारी सेवा | ३,७६९ | २.२३ % |
| ३ | गैरसरकारी सेवा | ६४५ | ०.४०% |
| ४ | आफ्नै व्यापार व्यवसाय | ५,१११ | ३.०३% |
| ५ | विद्यार्थी | ५४,३३३ | ३२.२० |
| ६ | वैदेशिक रोजगार | ८,९७५ | ५.३२ |
| ७ | अन्य | ७,०२४ | ४.१६% |
| ८ | काम गर्न नसक्ने (आश्रित) | ३२,३१४ | १९.१४% |
| | जम्मा | १,६८,८३२ | १००.००% |

*स्रोत: जिल्ला पार्श्वचित्र धनकुटा, २०७४ ।*

यस जिल्लाको पेशागत जनसंख्यालाई हेर्दा सबैभन्दा बढी कृषि कार्यमा नै लागेको पाइन्छ । कृषि कार्यमा ५६,५६० जना अर्थात ३३.५६% लागेका छन् । त्यसै गरी दोश्रो मूल पेशा भनेको वैदेशिक रोजगार रहेको छ । कूल जनसंख्याको ५.३२% अर्थात ८,९७५ जना मानिसहरु वैदेशिक रोजगारमा रहेका छन् ।

### ४.१.५ मातृभाषा बोल्ने र नबोल्ने आधारमा घरपरिवारहरुको विवरण :

यस जिल्लामा विभिन्न भाषा भाषी भएका मानिसहरुको बसोबास भए तापनि कतिपय घर परिवारमा आफ्नो मातृभाषा बोलिन्छ भने कतिपय घर परिवारमा आफ्नो मातृभाषा बोलिदैन । जसलाई निम्न तालिकामा उल्लेख गरिएको छ ।

### तालिका नं. ४.५

### जिल्लामा मातृभाषा बोल्ने /नबोल्ने विवरण

| क्र.सं. | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | मातृभाषा बोल्ने | १८,५६७ | ६४.५४% |
| २ | मातृभाषा नबोल्ने | १०,६५५ | ३६.४६% |
| | जम्मा | २९,२२२ | १००.००% |

*स्रोत: जिल्ला पार्श्वचित्र, २०७४ ।*

जिल्लामा रहेको कुल २९,२२२ घरमध्ये १८,५६७ अर्थात ६३.५४% घर परिवारले आफ्नो मातृभाषा बोल्ने गरेको पाइन्छ भने बाँकी १०,६५५ अर्थात ३६.४६% घर परिवारले मातृभाषा नबोली नेपाली भाषा बोल्ने गरेको पाइन्छ ।

### ४.२ वडा नं. ४ परिचय :

विश्व मानचित्रमा एसिया महादेश भित्रको दक्षिण एशियामा अवस्थित सानो भुपरिवेष्ठित मुलुक नेपालको पुर्वी पहाडमा अवस्थित धनकुटा नगरपालिका भौगोलिक अवस्थितिको हिसावले ८७° १६' देखि ८७° २२' पुर्वी देशान्तर र २६° ४.८' देखि २७° २' पूर्व उत्तरी अक्षांसमा फैलिएको छ । धनकुटा जिल्लाको मध्य भागमा अवस्थित यो नगर समुन्द्री सतहबाट २५० मिटर देखि २१४४ मिटर सम्मको उचाईमा रहेको छ । डाडाँको थाप्लोदेखि तल पुच्छारसम्म वस्ती फैलिएको हुनाले भौगोलिक वनावटको आधारमा यस नगरपालिकालाई पहाडी प्रदेश र वेसी प्रदेशमा विभाजन गर्न सकिन्छ । अधिकाशं भुभाग भिरालो र दक्षिणी मोहडातिर फैलिएको छ । डाँडा मै अवस्थित भएका कारणले यसको पानी निकास दक्षिण दिशातिर हुने गरेको छ । सवै खोला तमोर नदि भई नगरपालिकाको पश्चिम देखि दक्षिणबाट वाहिर निस्किन्छ । पहुँचको सुबिधाको हिसावले धनकुटालाई सुगम मान्नुपर्दछ । विराटनगर, धरान, इटहरी जस्ता ठुला शहरबाट कोशी राजमार्ग हुँदै धनकुटा पुग्न सजिलो छ भने धनकुटा नगरपालिकाको हिले वजार हुँदैभोजपुर, संखुवासभा र तेह्रथुम जिल्ला पुग्न सकिन्छ।

यस नगरपालिकाको सिमाना पुर्वमा छथर जोरपाटी गाउँपालिका, पश्चिममा शहिदभुमी गाउँपालिका, उत्तरमा पाखीवास नगरपालिका तथा दक्षिणमा साँगुरीगढी गाउँपालिका रहेका छन् । यो नगरपालिकाले धनकुटा जिल्लाको १२.५ प्रतिशत र नेपालको कुल भु–भागको ०.०७५ प्रतिशत क्षेत्रफल ओगटेको छ । प्रशासनिक रुपमा सेवा प्रवाह गर्न यस नगरपालिकामा १० वटा वडाहरुमा विभाजन गरिएको छ । समुदाय स्तरमा सामाजिक आर्थिक विकासका लागि १७७ वटा टोल विकास संस्थाहरु, वडा नागरिक मञ्च, नागरिक सचेतना केन्द्रहरु गठन गरि सामाजिक परिचालनका कार्यहरु भइरहेको पाइन्छ । यस नगरपालिकामा विभिन्न जातजातिहरुका मानिसहरुको वसोवास रहेको छ । आठपहरिया जातिको एक मात्र थलोको रुपमा धनकुटालाई चिन्ने गरिएको छ। यस नगरपालिकामा सवै भन्दा वढी जनसंख्या क्षेत्रीहरु पछि आठपहरियाहरु रहेको पाइन्छ ।

धनकुटा नगरपालिकाको घनावस्ती रहेको वडा मध्ये ४नं. वडा पनि एक हो । यस वडामा ९९६ परिवार संख्या  रहेको छ । यस वडाको जम्मा जनसंख्या ३२८४ रहेको,महिलाको संख्या १७३२ र पुरुषको संख्या १५५२ रहेको छ । धनकुटा नगरपालिकाको कुल क्षेत्रफल ११०.८ मध्ये ३.८७ वर्ग कि.मि. यस ४नं. वडाले ओगटेको छ । स्कुलडाँडा, देब्रेवास, घलेटार, छारागाउँ, स्याउले, ठोका आदि यस वडाका मुख्य वस्तीहरु हुन ।(सोतः धनकुटा नगर वजेट नीति तथा कार्यक्रम पुस्तिका)

यस वडामा विभिन्न जातजातिहरुको मिश्रीत वसोवास रहेता पनि ७२ परिवार संख्यामा आठपहरियाको वसोवास रहेको पाइन्छ । यिनीहरुको आफ्नै रीतिरिवाज, चालचलन, धर्म संस्कृति रहेको छ । आठपहरियाअरु राई जातिहरु बीच पनि उँच-निचको भावना कायम नै छ।आठपहरियाहरुको नाउँमा कार्यरत गैरसरकारी संस्थाहरुले पनि हचुवाको भरमा आठपहरियाहरुलाई ऋण प्रवाह गरिरहेका छन् । उचित शिर्षकमा ऋणबाट प्राप्त रकम उपयोग गर्न नसक्दा उनीहरुको आर्थिक स्तर अन्य जातिको दाँजोमा पुग्न सकेको छैन ।

### ४.२.१ भौगोलिक स्थिति

यस वडाको सिमानालाई हेर्दा देहाय बमोजिम रहेको छ । उत्तरतर्फ धनकुटा नगरपालिकाको ३ नं. वडा रहेको छ, दक्षिणतर्फ वडा नं.५ का विभिन्न भुभाग रहेको छ, पुर्वमा धनकुटा नगरपालिकाको २ नं. वडाको विभिन्न भुभाग तथा पश्चिम तर्फ धनकुटा नगरपालिकाको६ नं. वडाका विभिन्न भुभागहरु रहेको पाइन्छ ।

### ४.२.२ सामाजिक अवस्था :

नेपाल एक बहुभाषिक, बहुजातिय र बहुसंस्कृति भएको कृषि प्रधान देश भएकोले यस धनकुटा नगरपालिकाको वडा नं.४का बासिन्दा कृषि पेशामा नै बढी आकर्षित छन् । त्यस बाहेक वैदेशिक रोजगारी, नोकरी, व्यापार तर्फ पनि उन्मुख भएको पाइन्छ । यस वडा नं.४ भित्र क्षेत्री जातिको बाहुल्यता रहेको छ भने दोश्रो स्थानमा आठपहरिया जाति रहेको पाइन्छ । यस वडाका मानिसहरुको मुख्य भाषा नेपाली नै भए तापनि मगर, राई, तामाङ लिम्बू आदि मातृभाषा बोल्ने मानिसहरु पनि यहाँ पाइन्छ । चाडपर्वमा दशै, तिहार, माघेसंक्रान्ती, मङसिरे पूर्णिमा आदि नै मुख्य चाडपर्व हुन् । धनकुटा नगरपालिकाको वडा नं. ४ मा हिन्दू

धर्मावलम्बीको वाहुल्यता वढि रहेको पाइन्छ । केही बौद्ध धर्म मान्ने जातिहरु पनि पाइन्छन । केही मानिसहरु क्रिस्चियन धर्मतर्फ आकर्षित भएका छन् ।

### ४.२.३ जनसांख्यकिय अवस्था :

यस वडाको कूल जनसंख्या ३२८४ रहेको छ । जसमध्ये महिला १७३२ र पुरुष १५५२ रहेको छ । यस वडाको जनसंख्यालाई निम्न तालिकामा देखाइएको छ ।

**तालिका नं. ४.६**

**वडा न. ४ को जातजातिको आधारमा जनसंख्या**

| क.सं. | जात जाति | महिला | पुरुष | जम्मा | प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | क्षेत्री | १०११ | ९१२ | १९३३ | ५८.५५% | |
| २ | आठपहरिया | १७० | १५७ | ३२७ | ९.९५ | |
| ३ | नेवार | ११२ | १०४ | २१६ | ६.५७ | |
| ४ | कामी | ५९ | ५० | १०९ | ३.३१ | |
| ५ | दमाई | ८४ | ७५ | १५९ | ४.८४ | |
| ६ | राई | २४ | १९ | ४३ | १.३० | |
| ७ | लिम्बु | ३० | २४ | ५४ | १.६४ | |
| ८ | भुजेल | ४५ | ३९ | ८४ | २.५५ | |
| ९ | मगर | ३० | २७ | ५७ | १.७३ | |
| १० | सार्की | २२ | १७ | ३९ | १.१८ | |
| ११ | तामाङ | ३५ | ३० | ६५ | १.९७ | |
| १२ | वाह्मण | ११० | ९८ | २०८ | ६.३३ | |
| | जम्मा | १७३२ | १५५२ | ३२८४ | १००.०० | |
| | प्रतिशत | ५२.७४ | ४७.२५ | | | |

*स्रोत: शिक्षा सुधार योजना, २०७४ ।*

माथिको तालिकामा पुरुष १५५२ अर्थात ४७.२५% र महिला१७३२ अर्थात ५२.७४% रहेका छन्। माथि सबैभन्दा बढी जनसंख्या क्षेत्री जातिको ५८.५५% छ भने सबैभन्दा कम जनसंख्या सार्की जातिको १.१८% रहेको छ ।

### ४.२.४ वडा नं.४ को धार्मिक अवस्था :

यस वडामा विभिन्न धर्मावलम्बीहरुको बसोबास रहेको छ । यहाँ धेरै जसो हिन्दू धर्म मान्नेहरुको बसोबास रहेको छ भने दोश्रोमा बौद्ध धर्मावलम्बीहरुको बसोबास रहेको छ । यसलाई निम्न तालिकाबाट स्पष्ट पारिएको छ ।

**तालिका नं. ४.७**

**वडा न. ४ धर्मको आधारमा जनसंख्या विवरण**

| क्र.सं. | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | हिन्दू | ३०२९ | ९२.२३% |
| २ | बौद्ध | ४३ | १.३० % |
| ३ | किरात | १६३ | ४.९६% |
| ४ | क्रिस्चियन | ४९ | १.४९% |
| ५ | अन्य | ० | ००% |

*स्रोत : राष्ट्रिय जनगणना २०६८ ।*

माथिको तालिका अनुसार यो स्पष्ट हुन्छ कि वडामा ९२.२३% हिन्दू धर्म मान्नेहरुको बसोबास रहेकाछ । त्यसै गरी दोश्रोमा ४.९६% किरात, तेश्रोमा १.४९% क्रिस्चियन र चौथोमा १.३०%बौधधर्मावलम्बीहरुको रहेको छनभने अन्य धर्म मान्नेहरुको संख्या ००% रहेको छ ।

### ४.२.५वडा नं. ४ को पेशाको अवस्था :

यस वडा मा बसोबास गर्न धेरे जसो मानिसहरु कृषि, वैदेशिक रोजगारी, सरकारी सेवा, मजदुरी पेशामा निर्भर रहेका छन् । त्यसैगरी व्यापार, गैरसरकारी सेवा गर्नेहरुको संख्या पनि उल्लेख्य रहेको छ । यसलाई निम्न तालिकाबाट स्पष्ट पार्न सकिन्छ ।

**तालिका नं. ४.८**

**पेशाका आधारमा जनसंख्याको विवरण**

| क्र.सं. | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १. | कृषि | १९६८ | ५९.९२ |
| २ | वैदेशिक रोजगार | १७५ | ५.३२ |
| ३ | सरकारी सेवा | १०९ | ३.३१ |
| ४ | गैरसरकारी | ७ | ०.२१ |
| ५ | व्यापार | ४८ | १.४६ |
| ६ | विद्यार्थी | ४८० | १४.६१ |
| ७ | आश्रीत | ४५९ | १३.९७ |
| ८ | अन्य | ५८ | १.७६ |
| | जम्मा | ३२८४ | |

*स्रोतः जिल्ला पार्श्वचित्र, २०७४*

माथिको तालिका अनुसार यस वडाका ५९.९२% कृषि पेशामा लागेका छन् भने५.३२% वैदेशिक रोजगारमा गएका छन् । त्यसै गरी सरकारी सेवामा ३.३१% ले नोकरी गर्ने गरेका छन् । अरुमा आश्रीत १३.९७% रहेका छन् ।

**४.२.६वडा नं.४को वैदेशिक रोजगारको अवस्था :**

यो धनकुटा जिल्लाको सुदुरउत्तरमा अवस्थित छ । यस वडामा खेति योग्य जमिनको अभाव रहेको छ । यसकारण यहाँका मानिसहरु वैदेशिक रोजगार तर्फ उन्मुख हुन थालेको पाइन्छ । यस वडाका मानिसहरु वैदेशिक रोजगारका लागि गएका देशहरुलाई निम्न तालिकामा उल्लेख गरिएको छ ।

**तालिका नं.४.९**

**वैदेशिक रोजगारको अवस्थाको विवरण**

| क्र.सं. | विवरण | जनसंख्या | प्रतिशत |
|---|---|---|---|
| १ | साउदी | २५ | १४.२८ |

| | | | |
|---|---|---|---|
| २ | मलेसिया | ९४ | ५३.७१ |
| ३. | बहराइन | १३ | ७.४२ |
| ४ | कुवेत | ८ | ४.५७ |
| ५. | अमेरिका | १० | ५.७१ |
| ६. | जापान | ५ | २.५८ |
| ७. | अन्य | २० | ११.४२ |

*स्रोत : जिल्ला पार्श्वचित्र, २०७४ ।*

माथिको तालिका अनुसार यस वडामा बसोबास गर्ने मानिसहरु मध्ये ५.३२% मानिसहरु वैदेशिक रोजगारका लागि अन्य देशहरुमा गएका छन् । सबैभन्दा बढी मानिसहरु मलेसियामा गएका छन् भने सबैभन्दा कम जापानमा गएका छन् । मलेसियामा जानेको संख्या ९४ अर्थात ५३.७१% र  अमेरिकामा जानेको संख्या १० अर्थात ५.७१% रहेको छ ।

**४ नं.को साँस्कृतिक अवस्था :**

विभिन्न साँस्कृतिक सम्पदाहरु तथा विभिन्न देवीदेवताका मन्दिरहरु रहेको छन । स्कुलडाँडा भन्ने ठाउँमा ह्रिन्छेन छ्यालिङ तामाङ समुदायहरुको गुम्वा छ, श्री पञ्चमी पार्कमा सरस्वतीको मन्दिर रहेको छ, त्यहाँ वसन्त पञ्चमीको दिन पुजा अर्जना गर्नेको भिड हुन्छ । कर्मीटारमा शिवको मन्दिर रहेको छ  शिवरात्री तथा श्रावण महिनाको सोमवार त्यहाँ पुजापाठ गर्नेको भिड देखिन्छ ।

**४.२.८वडा नं.४ को पूर्वाधारको अवस्था :**

यो वडा अन्य वडा भन्दा विकाशका पुर्वाधारमा विकशित वडा रहेको छ । यस वडामा प्राय जसो प्रशासनिक कार्यालयहरु रहेका छन् । क्षेत्रीय, अञ्चल तथा जिल्ला स्तरका कार्यालयहरु धेरै रहेका छन् । वडाका धेरैजसो क्षेत्रमा पक्की सडकहरु रहेका छन् भने प्रत्येक टोलहरुमा सडकको सुविधा रहेको छ । विद्युतको पहुँच सवै क्षेत्रमा पुगेका छ । यो वडामा एउटा प्राथमिक विद्यालय तथा एउटा निजी विद्यालय रहेका छन् । ठुला र विकशित भवनहरु यसै वडामा रहेका छन् ।

### ४.२.९ अध्ययन क्षेत्रमा आठपहरियाहरुको अवस्था :

धनकुटा जिल्ला वडा नं.४ बसोबास गर्ने मानिसहरुको जम्मा जनसंख्या १0% आठपहरियाको बसोबास रहेको छ । यहाँ बसोबास गर्ने आठपहरियाहरुले परम्परागत कृषि,पेशाका अलावा विभिन्न पेशा गर्ने गरेको पाइन्छ। कतिपयले डोको, नाङ्लो, नाम्लो, खाडी र राडी पाखीहरु बनाएर ब्यवसायीकपेशामा लागेकोछन् र वैदेशिक रोजगार, मजदूरी, व्यापार गरेको पाइन्छ । महिलाहरु भने गृहिणी नै रहेका छन् । यहाँका आठपहरियाहरुको खेतियोग्य जमिन कम भएकाले यहाँका धेरै जसो व्यपारी र वैदेशिक रोजगारमा जान थालेका छन् । वैदेशिक रोजगारमा जान नसक्नेहरु मजदूरी कार्यमा लागेका छन् । यहाँका आठपहरियाहरुले आफ्नो मौलिक पेशा छाड्न थालेका छन् । उनीहरुको परम्परागत पेशाबाट गुजारा नचले पछि उनीहरु वैदेशिक रोजगारमा जान बाध्य भएका छन् । यहाँको आठपहरियाहरुको परम्परागत पेशा प्रति सरकारले कुनै पनि चासो नदेखाएपछि उनीहरु अन्य पेशामा लागेको पाइन्छ ।

# अध्याय : पाँच

# तथ्याङ्क प्रस्तुतीकरण तथा विश्लेषण

## ५.१. उत्तरदाताको उमेरगत विवरण :

अध्ययन अनुसन्धानका क्रममा अध्ययनका लागि छानिएका उत्तरदाताहरुको उमेरलाई ख्याल गरिनु पर्ने हुन्छ । त्यसो भएको हुनाले अध्ययन क्षेत्रका उत्तर दाताहरुलाई विभिन्न उमेर समूहमा विभाजन गरी उनीहरुको संख्यालाई तालिकामा प्रस्तुत गरिएको छ । यहाँ मुख्य गरी १५ वर्षको अन्तरालमा विभाजन गरी उमेर समूहलाई निम्न तालिका अनुसार देखाइएको छ ।

**तालिका नं. ५.१**

**उत्तरदाताको उमेर समूहको विवरण**

| क्र.सं. | उमेर समूह (वर्ष) | वडा नं. | संख्या | प्रतिशत |
|---|---|---|---|---|
| १ | १५ - ३० | ४ | १० | २०% |
| २ | ३१ - ४५ | ४ | २० | ४०% |
| ३ | ४६ - ६० | ४ | १० | २०% |
| ४ | ६१ - ७५ | ४ | ६ | १२% |
| ५ | ७६ देखि माथि | ४ | ४ | ८% |
| | जम्मा | | ५० | १००% |

*स्रोत : स्थलगत सर्वेक्षण, २०७५ ।*

माथि उल्लिखित तालिका अनुसार उमेर समूहलाई १५ वर्षको अन्तरालमा राखिएको छ । १५-३० उमेर समूहमा १६ जना अर्थात २०% उत्तरदाताले आफ्नो सहि जवाफ प्रस्तुत गरेका छन् भने ३१-४५ उमेर समूहमा २० जना अर्थात ४०%, ४६-६० समूहमा १० जना अर्थात २०%, ६१-७५ समूहमा ६ जना १२%, ७६ माथि समूहमा ४ जना ८% रहेका छन् यसरी हेर्दा सबभन्दा बढी उमेर समूह ३१-४५ उमेर समूहका रहेका छन् ।

### ५.२ लैङ्गिक आधारमा जनसंख्याको स्थिति

यस अध्ययनमा नमूना छनौटमा परेका महिला तथा पुरुषलाई लिइएको छ । जसलाई निम्न तालिकामा उल्लेख गरिएको छ ।

**तालिका नं. ५.२**

**लिङ्गको आधारमा जनसंख्याको विवरण**

| क्र.सं. | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | पुरुष | २४ | ४८% |
| २ | महिला | २६ | ५२% |
| | जम्मा | ५० | १००% |

*स्रोत : स्थलगत सर्वेक्षण,२०७५ ।*

माथिको तालिका अनुसार यस अध्ययनमा जम्मा ५० जनालाई नमूना छनौटमा लिइएको छ ।जसमा पुरुषको जनसंख्या २४ जना अर्थात ४८% रहेका छन भने महिलाको जनसंख्या २६ जना अर्थात ५२% रहेका छन् । यसरी यस अध्ययनमा पुरुषको संख्या कम हुनमा उनीहरु धेरै जसो रोजगारका लागि विदेश गएकाले नमूना छनौट गर्दा यसो हुन गएको हो ।

### ५.३. उत्तरदाताको साक्षरता स्थितिको विवरण :

शिक्षा विकासको मेरुदण्ड भएकोले मानिसहरुको आर्थिक क्षेत्रमा विकास गर्न यसले महत्वपूर्ण योगदान गरेको छ । जहाँ शिक्षित मानिसहरु हुन्छन् त्यहाँ सभ्यता र विभेद हुँदैन उत्तरदाताको साक्षरतालाई निम्न तालिकामा उल्लेख गरिएको छ ।

**तालिका नं. ५.३**

**उत्तरदाताको साक्षरताको विवरण**

| क्र.सं. | विवरण | संख्या | प्रतिशत | महिला | प्रतिशत | पुरुष | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| १ | साक्षर | ४१ | ८२% | २० | ७६.९२% | २१ | ८७.५% |
| २ | निरक्षर | ९ | १८% | ६ | २३.०८% | ३ | १२.५% |
| | जम्मा | ५० | १००% | २६ | १००% | २४ | १००% |

*स्रोत:- स्थलगत सर्वेक्षण, २०७५ ।*

माथि उल्लेखित तालिकामा प्रस्तुत तथ्याङ्क अनुसार यस क्षेत्रका आठपहरियाहरुको साक्षरता प्रतिशत ८२% रहेको छ । जसमा महिलाहरुको साक्षरता प्रतिशत ७६.९२% र पुरुषहरुको साक्षरता प्रतिशत ८७.५% रहेको छ । महिला र पुरुषहरु बीच  साक्षरतामा ठूलो अन्तर देखिदैन । यसो हुनुको कारण त्यस समाजका महिलाहरुमा शिक्षा प्रति जागरुकता आउनु हो जुन वैदेशिक रोजगार र त्यस क्षेत्रमा क्रियाशिल गैरसरकारी संस्थाहरुको प्रभावले गर्दा भएको पाइन्छ ।

### ५.४ उत्तरदाताको पेशागत विवरण :

यस अध्ययनमा नमुना छनौट परेका ५० जना उत्तरदाताहरुलाई विभिन्न पेशामा संलग्न भएको पाइएको छ । पेशागत हिसाबले हेर्दा यस समुदायमा मानिसहरुको आर्थिक, सामाजिक, राजनैतिक रुपमा सन्तोषजनक पाइन्छ । शिक्षामा त्यस समाजका आठपहरियाहरुको अवस्था सन्तोषजनक रहेकोले उनीहरुको अवस्था सन्तोषजनक रहेको पाइन्छ ।

**तालिका नं. ५.३**

**उत्तरदाताको पेशागत विवरण**

| क्र.सं. | पेशागत विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | खेतिपाती | ३३ | ६६% |
| २ | पशुपालन | २ | ४% |
| ३ | परम्परागत पेशा | ५ | १०% |
| ४ | गैरसरकारी संस्था | १ | २% |
| ५ | वैदेशिक रोजगार | ५ | १०% |
| ६ | ज्यालामजदूरी | २ | ४% |
| ७ | सरकारी कार्यालय | ० | ०% |
| ८ | अशक्त (अपाङ्ग) | २ | ४% |
|  | जम्मा | ५० | १००% |

*स्रोत : स्थलगत सर्वेक्षण, २०७५ ।*

माथिको तालिका अनुसार नमूना छनौटमा परेका ५० जना उत्तरदाता मध्ये खेति गर्ने ३३ जना अर्थात ६६% रहेका छन् । परम्परागत पेशामा जस्तै डोका, नाम्ला, नाङला तथा परम्परागत कपडा वुन्ने, कार्यमा ५ जना अर्थात १०% रहेका छन् । वैदेशिक रोजगारमा जम्मा ५ जना अर्थात १०% गएका छन् । अशक्त २ जना अर्थात ४% रहेका छन् पशुपालन २ जना रहेका छन् अर्थात ४% रहेका छन् । ज्यालामजदुरी गर्ने २ जना अर्थात ४% रहेका छन् । गैरसरकारी संस्थामा कार्यरत एक जना अर्थात २% रहेका छन् सरकारी कार्यालयमा कार्यरत कोहि पनि छैनन् ।

### ५.५. आर्थिक अवस्था :

जब समाजमा आर्थिक सवलता रहन्छ तब सामाजिक विभेद हुँदैन । समाजमा सामाजिक सक्षमता वढेर जान्छ । आठपहरियातथा अन्य आदिवासी जनजातिहरुको आर्थिक अवस्थालाई अगाडी बढाउने खालका कार्यक्रमहरु ल्याउने आवश्यक रहेको हुन्छ । यस क्षेत्रका आठपहरियाहरुको आर्थिक अवस्था समग्रमा भन्नु पर्दा अन्य जातिको सो सरह छ । यसो हुनुमा उनीहरु वैदेशिक रोजगारमा जानु गैरसरकारी संस्थाहरु त्यस क्षेत्रका कार्यरत रहनुलाई प्रमुख मानिन्छ ।

### ५.६ आठपहरियाहरुको जग्गा जमिनको अवस्थाः

यस अध्ययन क्षेत्रका आठपहरियाहरुको जग्गा जमिनमा केहिको राम्रो पहुँच भएको छ । केहिको सामान्य जग्गा जमिन छ जसको उत्पादनले वर्षभरि खान पुग्दैन ।कतिपय क्षेत्रमा सिचाइको राम्रो सुविधा नभएकोले भएको जमिनबाट उत्पादन राम्रो हुँदैन ।

**तालिका नं. ५.४**

**उत्तरदाताको जग्गा जमिनको अवस्थाको विवरण**

| क्र.सं. | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १. | ५ रोपनी सम्म जग्गा भएको | १५ | ३०% |
| २. | ६-१० रोपनी जग्गा भएको | १६ | ३२% |
| ३. | ११-१५ रोपनी जग्गा भएको | ७ | १४% |
| ४. | १६-२० रोपनी जग्गा भएको | ४ | ८% |

| | | | |
|---|---|---|---|
| ५. | २१-२५ रोपनी जग्गा भएको | ५ | १०% |
| ६. | २६-३० रोपनी जग्गा भएको | ३ | ६% |
| | जम्मा | ५० | १००% |

*स्रोत: स्थलगत सर्वेक्षण, २०७५ ।*

यस अध्ययन क्षेत्रका आठपहरिया समुदायका जम्मा ५० जनालाई लिइएकोमा ५ रोपनीसम्म जग्गा हुने १५ जना अर्थात ३०% रहेका छन् । त्यस्तै ६ देखि १० रोपनी जग्गा हुने १६ जना अर्थात ३२% रहेका छन् । ११ देखि १५ रोपनी जग्गा हुने ७ जना अर्थात १४% रहेका छन् । १६ देखि २० रोपनी जग्गा हुने ४ जना अर्थात ८% प्रतिशत रहेका छन् । २१ देखि २५ रोपनी जग्गा हुने ५ जना अर्थात १०% रहेका छन् । २६ देखि ३० रोपनी जग्गा हुने ३ जना अर्थात ६% रहेका छन् । केही आठपहरियाहरुलाई आफ्नो जग्गाबाट आशिंक रुपमा खान पुग्छ भने केहिलाई आफ्नो जग्गाबाट नै वर्षभरी खान पुग्छ । जे जति भए पनि आठपहरियाहरुको आ–आफ्नै जग्गा जमिन रहेको छ ।

## ५.७ उत्तरदाताको वर्षभरी खान पुग्ने, नपुग्नेको अवस्था :

यस क्षेत्रका आठपहरियाहरु जति नै जग्गा भए पनि उनीहरुलाई वर्षभरी खान पुग्दैन । यसो हुनुमा खेतीयोग्य जमिनको अभाव, जमिनमा सिंचाईको असुविधा भएको जमिनमा परम्परागत प्रविधिद्वारा खेति गरिनु लगायतका विभिन्न कारणहरुले गर्दा यहाँका आठपहरियाहरुलाई जमिन भए तापनि खान नपुग्ने गरेको देखिन्छ ।

**तालिका नं. ५.५**

**उत्तरदाताको खान पुग्ने र नपुग्ने अवस्थाको विवरण**

| क्र.स. | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | वर्षभरी खाना पुग्ने | २६ | ५२% |
| २ | तीन महिनामात्र खान पुग्ने | ० | ०% |
| ३ | चार देखि छ महिना खान पुग्ने | २ | ४% |
| ४ | सात देखि नौं महिना खान पुग्ने | १५ | ३०% |
| ५ | दश देखि एघार महिना खान पुग्ने | ७ | १४% |
| | जम्मा | ५० | १००% |

*स्रोत : स्थलगत सर्वेक्षण, २०७५ ।*

यस अध्ययन क्षेत्रका जम्मा ५० जना आठपहरियाहरुलाई नमूना छनौटको रुपमा लिइएको छ । यसमा खान पुग्ने जम्मा २६ जना अर्थात ५२% रहेका छन् भने दश देखि एघार महिना खान पुग्ने ७ जना अर्थात १४% रहेका छन् । सात देखि नौ महिना खान पुग्नेको संख्या १५ अर्थात ३०% रहेका छन् । चार देखि छ महिना खान पुग्नेको संख्या २ जना अर्थात ४% रहेका छन् । तीन महिनामात्र खान पुग्नेको संख्या ०% रहेको छ ।

यस तालिकालाई हेर्दा बहुसंख्यक आठपहरियाहरुलाई वर्षभरीनै खान पुग्छ । तीन महिना मात्र खान पुग्ने आठपहरियाहरु कोही पनि रहेनछन् ।

### ५.८ आठपहरियाहरुको परम्परागत पेशाको वर्गीकरण

आठपहरिया राई जातिहरुमा गरिएको स्थलगत सर्वेक्षणमा उत्तरदाताहरु जम्मा ५० जना मध्ये ५ जनाले वा १० प्रतिशतले परम्परागत पेशाको अवलम्बन गरेको पाइयो । कति जनाले के कस्तो परम्परागत पेशाको अवलम्बन गर्दछन भन्ने विषयलाई तलको तालिकाबाट प्रस्तुत गरिएको छ ।

**तालिका नं. ५.६**

**उत्तरदाताको खान पुग्ने र नपुग्ने अवस्थाको विवरण**

| क.स. | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | घरेलु कपडा तयार गर्ने | २ | ४० |
| २ | डोका,नाङ्लो,राडीपाखी बुन्ने | २ | ४० |
| ३ | अरुको मेला वा खेतीपातीमा काम गर्ने | १ | २० |
| | जम्मा | ५ | १०० |

*स्रोत : स्थलगत सर्वेक्षण, २०७५ ।*

यसरी हेर्दा यस समुदायमा भएको नमुना अध्ययनबाट केही मानिसहरुले परम्परागत पेशालाई अपनाएको देखिन्छ । जम्मा ५० जनाको नमुना अध्ययनमा ५ जनाले वा १० प्रतिशतले परम्परागत पेशाको अवलम्बन गरेकोमा २ जना वा ४० प्रतिशतले घरेलु कपडा

तयार गर्ने, २ जना वा ४० प्रतिशतले डोका,नाङ्लो,राडीपाखी बुन्ने तथा १ जना वा २० प्रतिशतले अरुको मेला वा खेतीपातीमा काम गर्ने गरेको बताएको पाईयो ।

## ५.९आठपहरियाहरुको परम्परागत पेशाको अवस्थाः

नेपालमा विभिन्न जातजातिका मानिसहरुको बसोबास रहेको छ । यहाँका सबै जातिले आफ्नो पुर्खाले चलाइ आएका पेशाहरुलाई पनि निरन्तरता दिइराखेका छन् भने कतिपयले सिप र समय अनुसार पेशामा आधुनिकतामा परिवर्तन गर्न नसकेको कारणले गर्दा लोप भई सकेका छन् भने कतिपयले समय सापेक्षरुपमा परिवर्तन गरेर धेरै भन्दा धेरै मान, सम्मान र धन कमाउन सफल भएका छन् । आठपहरिया जातिका पेशामा भने संकट सृजना भएको छ । यसै सन्दर्भमा नमूना छनौटमा परेका ५० जनालाई तपाईहरुले परम्परागत रुपमा चलाई आएको पेशा कस्तो रहेका छ ? सन्तोष जनक छ कि कस्तो छ भन्ने जवाफमा निम्न तालिकामा उल्लेख भए अनुसार विचार व्यक्त गरेका छन् । जुनलाई निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं.५.६**

**उत्तरदाताको परम्परागत रुपमा चलि आएको पेशाको अवस्थाको विवरण**

| क्रं. सं. | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | सन्तोषजनक | ५ | १०% |
| २ | संकटग्रस्त | ३० | ६०% |
| ३ | ठिकठिकै | ६ | १२% |
| ४ | छोडी सकेको वा थाहा नभएको | ५ | १०% |
| ६ | भए पनि नगरेको | ४ | ८% |
| | जम्मा | ५० | १००% |

*स्रोत : स्थलगत सर्वेक्षण, २०७५ ।*

माथिको तालिका अनुसार यस क्षेत्रका नमूना छनौटमा परेका आठपहरियासमुदायका मानिसहरुलाई तपाईहरुले परम्परागत रुपमा संचालन गरेका घरेलु उद्योग वा पेशाको अवस्था कस्तो रहेको छ भन्ने प्रश्न ५० जनालाई सोधिएकोमा ५ जनाले अर्थात १०% ले सन्तोषजनक रहेको बताएका छन् भने ३० जना अर्थात ६०% ले संकटग्रस्त रहेको बताएका छन् । यस्ता

उद्योग कुनै पनि बेला बन्द हुने अवस्थामा रहेको हुनाले वैदेशिक रोजगार र अन्य पेशामा भर पर्न थालेको बताएका छन् । यसै गरी ठिकठिकै रहेको बताउने ६ जना अर्थात १२% रहेका छन् । परम्परागत पेशा छोडी सकेको वा थाहा नभएको ५ जना अर्थात १०% रहेका छन् भने यो पेशाले परिवार धान्न मुश्किल परेकोले अन्य पेशामा लाग्न बाध्य भएको बताउने ४ जना अर्थात ८% रहेका छन् ।

### ५.१० उत्तरदाताका पेशामा आएको परिवर्तनको अवस्था

मानिसले आफुले संचालन गरेको व्यवसायले राम्ररी उत्पादन नगरेमा वा आफ्नो घरायसी कार्यकालागि चाहिने आर्थिक अवस्था नभएमा अन्य विकल्प अपनाउनु पर्छ । सोही अनुसार यस क्षेत्रका आठपहरियासमुदायले संचालन गरेका उद्योग व्यवसाय तथा पेशाहरुमा आत्मनिर्भरता हुन नसकेको कारणले वैदेशिक रोजगार तथा अन्य पेशा अपनाउन बाध्य भएका छन् ।

**तालिका नं. ५.७**

**उत्तरदाताको पेशामा आएको परिवर्तनको अवस्था**

| क्र.सं. | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | परम्परागत पेशा संचालन गर्दै गरेको | ५ | १०% |
| २ | परम्परागत पेशा छाडि अन्य पेशा गर्दै गरेको | ४५ | ९०% |
| | जम्मा | ५० | १००% |

*स्रोत :स्थलगत सर्वेक्षण, २०७५ ।*

माथिको तालिका अनुसार यस क्षेत्रका नमूना छनौटमा परेका आठपहरिया समुदायका मानिसहरुलाई तपाईहरुले परम्परागत रुपमा संचालन गर्दै आएको पेशा नै सम्हाल्दै आउनु भएको छ कि अन्य पेशा गर्दै आउनु भएको छ भनि सोधिएकोमा ५ जना अर्थात १०% ले परम्परागत पेशा नै गर्दै आएको बताएका छन् भने ४५ जना अर्थात ९०% ले परम्परागत पेशा छाडी अन्य पेशा नै गर्दै गरेको बताएका छन् ।

### ५.११ उत्तरदाताको पेशामा आएको परिवर्तनको कारण :

मानिसले आफूले संचालन गरेको व्यवसायले राम्ररी उत्पादन नगरेमा वा आफ्नो घरायसी कार्यको लागि चाहिने आर्थिक अवस्था नभएमा अन्य विकल्प अपनाउनु पर्छ यस सन्दर्भमा परम्परागत पेशा परिवर्तन गरेका आठपहरियाहरुलाई उनीहरुको परम्परागत मौलिक पेशा परिवर्तन गरेको कारण सोध्दा उनीहरुको जवाफ निम्न तालिकामा भए अनुसार व्यक्त गरेका छन् । जुनलाई निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ५.८**

**उत्तरदाताको पेशामा आएको परिवर्तनको कारण**

| क्र.सं. | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १. | आर्थिक कारण | १० | २०% |
| २. | सामाजिक कारण | १० | २०% |
| ३. | वैदेशिक रोजगारको कारण | २० | ४०% |
| ४. | मिश्रीत वसाईको कारण | ५ | १०% |
| ५. | प्रविधी विकासको कारण | ५ | १०% |
| | जम्मा | ५० | १००% |

*स्रोतः स्थलगत सर्वेक्षण, २०७५ ।*

यस अध्ययन क्षेत्रका आठपहरियाहरुले परम्परागत पेशामा परिवर्तन गर्न थालेका छन् । यस  क्षेत्रका नमूना छनौटमा परेका आठपहरिया समुदायका मानिसहरुलाई तपाईहरुले आफ्नो मौलिक परम्परागत पेशा छाड्नुको कारण सोध्दा १० जना अर्थात २०% ले आफ्नो आर्थिक अवस्था कमजोर भएका कारणले पेशामा परिवर्तन गरेको बताएका छन् । यसै गरी १० जना अर्थात २०%ले सामाजिक रुपमा कमजोर महशुस भएको कारण अरु आयमुलक पेशा अपनाएको बताएका छन् । २० जनाले अर्थात ४०%ले वैदेशिक रोजगारको कारण बताएका छन् र ५ जना अर्थात १०% प्रतिशतले  मिश्रीत वसाइको कारण तथा ५ जना अर्थात १० प्रतिशतले विश्वव्यापीकरणले प्रविधीमा आएको परिवर्तनले आफ्नो मौलिक पेशा परिवर्तन गरेको बताएको छन् ।

## ५.१२ उत्तरदाताको स्तरमा आएको परिवर्तनको अवस्था :

समयको साथसाथै समाजमा परिवर्तन हुन थाल्दछ । समाज परिवर्तन हुँदा आर्थिक क्षेत्रमा पनि परिवर्तन आउन थाल्दछ । यस्ता परिवर्तनले समाजमा रहेका मानिसहरुको स्तरमा परिवर्तन आउँछ । नेपालको सन्दर्भमा हेर्दा यहाँ राजनीतिक परिवेशमा भएका घटनाले मानिसको स्तरमा समेत उथलपुथल भएका छन् । यस्तै आठपहरिया समुदायमा समेत सामाजिक रुपमा स्तर परिवर्तन भइरहेका छन् । यस अध्ययनमा नमूना छनौटमा परेका जम्मा ५० जनालाई यससँग सम्बन्धित प्रश्न सोधिएकोमा निम्न तालिका अनुसार जवाफ पाइएको छ ।

**तालिका नं. ५.९**

**उत्तरदाताको स्तरमा आएको परिवर्तन सम्बन्धी विवरण**

| क्र.सं. | पहिलाको स्थिति | हालको स्थिति | संख्या | प्रतिशत |
|---|---|---|---|---|
| १ | अति निम्न स्तर | निम्नस्तर | २० | ४०% |
| २ | निम्नस्तर | मध्यम स्तर | ३० | ६०% |
| | | जम्मा | ५० | १००% |

*स्रोत : स्थलगत सर्वेक्षण, २०७५।*

अध्ययन क्षेत्रका आठपहरियाहरुको आर्थिक, सामाजिक,राजनैतिक आदि स्तरमा पहिलेको तुलनामा सुधारका संकेत देख्न सकिन्छ । यस अध्ययनमा २० जना अर्थात ४०% ले उनीहरुको स्तर अतिनिम्नबाट निम्नस्तर भएको र ३० जना अर्थात ६०% निम्नस्तरबाट हाल मध्यमस्तर भएको बताएका छन् । त्यसै गरी हाल उच्चस्तर भएको कसैले पनि बताएनन् । उनीहरुको स्तर दिनप्रतिदिन सुधारोन्मुख रहेको छ ।

## ५.१३ सामाजिक क्षेत्रमा आठपहरियाहरुको संलग्नता

आफ्नो छुट्टै मौलिक परम्परागत काम गर्ने, परम्परागत घरेलु कपडा तयार गर्ने तथा अन्न ज्यालामा डोको, नाङ्लो, नाम्लो, खोडी र राडीपाखीहरु बनाउने र भारी बोक्ने, अरुका मेलामा काम गर्ने, सामान्य खेतिपाति गर्ने र गुजारा चलाउने आफ्नो भाषा मात्र वोल्ने

आठपहरियाहरु विश्व आधुनिकीकरणको प्रभावले वैदेशिक रोजगारमा जान थालेका छन् । वैदेशिक रोजगारमा जानाले उनीहरुको आर्थिक, सामाजिक, शैक्षिक, साँस्कृतिक अवस्था र स्तर बढ्न थालेको छ । सामाजिक समितिहरुमा बसेर वडाका समस्याहरु समाधान गर्ने, विद्यालय व्यवस्थापन समितिमा बसेर विद्यालयका समस्याहरु समाधान गर्ने, वडा परिषदमा बसेर विविध क्रियाकलापहरुमा संलग्न हुन थालेका छन् । नगरपालिकाका हरेक गतिविधिमा संलग्न हुन थालेका छन् ।आठपहरियाका लागि प्राप्त वजेटलाई आफ्नो क्षेत्रमा लगाउन थालेका छन् । आठपहरिया समाजको स्थापना गरि उक्त सस्थामा आवद्ध भएका छन् विभिन्न कार्यक्रम संचालित गोष्ठी, बैठकहरुमा बसी सामाजिक सहिष्णुता कायम गर्न थालेका छन्

**तालिका नं. ५.१०**

आठपहरिया**हरु संलग्न संघसस्थाह**रु/पदहरु

| क्र.सं. | विवरण |
|---|---|
| १ | विद्यालय व्यवस्थापन समिति |
| २ | शिक्षक अभिभावक संघ |
| ३ | सामुदायिक वन |
| ४ | स्थानिय तह/वडा कार्यालयहरु/नगरका समितिका विभिन्न पदहरु |
| ५ | आठपहरिया समाज आदि |

*स्रोत : स्थलगत सर्वेक्षण, २०७५ ।*

### ५.१४ रहन सहनमा आएको परिवर्तन :

सामान्य अर्थमा आधुनिकता भन्नाले दैनिकरुपमा गरिने क्रियाकलाप एंव वानी व्यवहार र संरचनालाई समय अनुरुप वनाउनु भन्ने वुझिन्छ । तर यतिले मात्र यसको अर्थ स्पष्ट हुदैन, त्यसैले वृहत रुपमा औद्योगीकीकरण सहरीकरण, प्रजातन्त्र, पुँजीवाद, शक्तिको सर्वोच्चता, खुला वजार, वस्तुगत ज्ञानको खोजी, वौद्धिकता, विवेकता आदि पक्षहरुमा आएको गुणात्मकवृद्धिको निरन्तर प्रक्रियालाई आधुनिकता वा आधुनिकीकरण भनिन्छ। आधुनिकीकरण निरन्तर चल्ने प्रक्रिया भएकोले हरेक समाज तथा संस्कृतिले पहिलो समाज र संस्कृतिको तुलनामा आफुलाई आधुनिक ठान्छन । उदाहरणको लागि पुनर्जागरण कालको युरोपले मध्य युगीन युरोपको

तुलनामा आफुलाई वढी आधुनिक मान्यो । त्यस्तै गरि वि.सं.२०६२/०६३ सालमा भएको जनआन्दोलनलाई वि.सं.२००७ र २०४६ को क्रान्ति भन्दा आधुनिक मानिन्छ । वर्तमान युग विभिन्न संयन्त्रहरुको सञ्चालकहरुको सञ्चालनको युग हो जुन विशेष गरी सञ्चार संयन्त्रको सञ्जालले ज्यादै जटिल, सभ्य र शक्तिशाली वन्दै गएको छ । वास्तवमा संचार र सुचनाको युग नै आधुनिकरणको युग मान्न सकिन्छ ।किनकी यसले विश्वलाई एउटा गाउँमा परिणत वा सिमित गरिदिएको छ । आज विश्वका हरेक राष्ट्रहरुको पहिचान, प्रभाव तथा उपस्थितिमा यसले एउटा नविन हतियारको रुपमा कार्य गरेको पाइन्छ । त्यसैले समाजको सामाजिक, सांस्कृतिक, आर्थिक, धार्मिक, राजनीतिक, प्राविधिक आदि पक्षहरुमा हुने निरन्तर परिवर्तनको गुणात्मक वृद्धिलाई आधुनिकता वा आधुनिकरण भन्न सकिन्छ, त्यसैले पनि भनिन्छ Modernity is unfinished project, it is continuous process.

त्यस्तै पहिले सानो फुसको छानो भएको घरमा बस्ने आठपहरियाहरुमा अहिले बसाईमा परिवर्तन आएको छ । अहिले धेरै घरमा टीनको छानो छ । पहिले सबैको फुसको घर थियो । अहिले थोरैको घरमा मात्र फुसको छानो छ । कसै कसैले त इँटा जडान गरेका घरसमेत निर्माण गर्न थालेका छन् ।पहिले संयुक्त परिवारमा वसोवास गर्न रुचाउने उनीहरु आजभोली एकल परिवारमा वस्ने गरेको देखिन्छ । उनीहरुको घर आँगन लिपपोत गरेर सफा राखिएको छ । बाटो पनि सफा छ । पहिले खुला दिशा पिसाब गर्ने आठपहरियाहरु अहिले सवैको घरमा चर्पिको व्यवस्था छ । वसाइसराइको कारणले गर्दा मिश्रित वसोवास हुने र अन्य समुदायको प्रभाव तथा वैदेशिक रोजगारीका कारण आफ्ना छोराछोरीको पढाइप्रति चासो देखाउन थालेका छन् । आठपहरिया विद्यार्थीहरु सफा सुग्घर भएर विद्यालय पोशाकमा विद्यालय जान थालेका छन् । धामी झाँक्रीमा विश्वास गर्ने आठपहरियाहरु अहिले स्वास्थ्य चौकीमा गई उपचार गराउँछन् । सुत्केरी हुँदा स्वास्थ्य चौकी जान थालेका छन् ।

पहिले आफ्नै परम्परागत पोसाकमा देखिने उनीहरु अहिले धेरैजसोले अन्य समुदायले लगाउने कपडाहरु नै लगाएको देखिन्छ भने कुनै विशेष कार्यक्रममा भने आफ्नै परम्परागत पोसाकहरु लगाउने गरेको देखिन्छ । उनीहरुले आधुनिक सूचना र सञ्चारका साधनहरु दिन प्रतिदिन वढ्दो रुपमा प्रयोग गरेको देखिन्छ । आफ्नै घरमा वनाएको जाँड रक्सी सेवनगरेर

मातेर हिड्ने आठपहरियाहरु अहिले धेरैले जाँड रक्सी सेवन गर्न छाडी सकेका छन् भने सेवन गर्ने कतिपयले आधुनिक किसिमका वियरहरुकोसेवन गरको पनि देखिन्छ ।

पहिले कृषि, पशुपालन तथा आफ्नै परम्परागत पेशा अंगालेको उनीहरु आजभोली त्यसै पेशालाई पनि आधुनिक प्रविधिहरुको प्रयोग गरि व्यवसायीक रुपमा आर्थिक उपार्जन गर्न थालेका छन्

वैदेशिक रोजगारबाट फर्केर आएका आठपहरियाहरु र विभिन्न गैर सरकारी संस्थाहरुको प्रभावले गर्दा आठपहरिया समुदायमा आधुनिकीकरणको प्रभाव पर्न थालेको छ । उनीहरुमा संस्कृतिकरण हुन थालेको छ । आठपहरियासँग अनतरजातिय वैवाहिक सम्बन्ध पनि गाँस्न थालेका छन् । पहिले आफ्नै परम्परागत रुपमा उत्पादित वस्तुहरुले गुजारा चलाउने उनीहरु आजभोली विभिन्न वस्तुहरु उत्पादन गर्ने वजार लगि विकी वितरण गर्ने र वजारमा उपलब्ध भएको अन्य विभिन्न सामाग्री किनेर आफ्ना आवश्यकता पुरा गर्ने गरेको देखिन्छ । आठपहरियाका घरमा भएका सामाजिक कार्यहरुमा अन्य जातिहरु सरिक हुन थालेका छन् । आठपहरिया र अन्य जाती बीच घुलमिल, खानपान बढ्न थालेको छ । आर्थिक, सामाजिक, राजनैनिक आदि क्षेत्रमा अन्य जातजातिहरु सँगको सहकार्यतामा वृद्धि भएको पाइन्छ ।आपत विपतमा अरुजाती सँग सहकार्य हुन थालेको छ । आठपहरिया समुदायका महिलाहरु पनि पुरुष सरह घर बाहिरको काम व्यापार, व्यवसाय गर्न थालेका छन् ।

आठपहरियाहरुले वैसाख महिनामा वैसाखे चाड मनाउछन् यस चाडमा पितृको पुजा गरिन्छ, वर्षभरि राम्रो सँग पानी परि वालिनाली राम्रो होस, वालिनालीमा वन्यजन्तु नलागोस, घरमा सुख शान्ति होस्, केहि कसैलाई हानी नोक्सानी नहोस् मार्गा पुजा गर्ने चलन रहेको छ । मार्गा पुजा आठपहरियाको पुजारीवाट तथा घरका घरमुलीले गर्दछन् । त्यस्तै भदौ महिनामा भदौरे चाड मनाइन्छ, यसलाई न्वागी चाड पनि भन्ने गरिन्छ, यस चाडमा वालीनाली राम्रो उब्जाउ भएपछि आठपहरियाहरुले आफ्ना कुलपितृलाई चढाएर मात्र खाने अनि प्रयोग गर्ने गरेको पाइन्छ,त्यस्तै गरि आठपहरियाहरुले मंसिर महिनामा मंसिरे चाड मनाउदछन् यस चाडलाई वार्षिक गर्ने, वरखी गर्ने तथा शुद्धि गर्ने पनि भनिन्छ, यस चाडमा पहिले आठपहरियाहरु सवैको घर–घरमा गएर नाचगान गरिन्थ्यो, वर्ष भरि मुत्यु भएकाहरुको वार्षिकी गरिन्थ्यो, तर अहिले जुन पहिले घर–घर गएर गरिने नाचगान गरिदैन आठपहरियाहरुको आफ्नै

परिवार घरमा गएर नाचगान गरिन्छ र आठपहरियाहरुवाट जन्मीएको घरको जेठो छोराको हर्कवढाइ गरि चाड मनाइन्छ । पहिलेपहिले आफ्नो जातमा मात्र सिमित रहेर चाडपर्व मनाउने आठपहरियाहरु आजभोली मिश्रीत वसोवास, वसाइसराई, शिक्षा, विश्वव्यापिकरण आदि जस्तो कारणले गर्दा अन्य जातिहरुकोमा गएर दशै तिहार जस्ता चाडवाड मनाउछन् तर आठपहरियाहरुले आफ्नै घरमा भने दशै तिहार जस्ता चाडवाडहरु मनाएको देखिदैन । पहिले आफ्नो आठपहरिया भाषालाई मात्र प्राथमिकता दिने आठपहरियाहरु अहिले नेपाली भाषा पनि प्रयोग गरिरहेको देखिन्छ । समग्रमा भन्नु पर्दा आठपहरिया समुदायमा आधुनिकीकरणको प्रभाव पर्न थालेको छ ।

**५.१५ वैयक्तिक अध्ययन :**

यस शोधकार्यलाई पुरा गर्नका लागि उत्तरदाता छनौट गरेपछि उनीहरुको बारेमा थप जानकारी लिन वैयक्तिक अध्ययन गरिएको थियो । जसमध्ये केही वैयक्तिक अध्ययन तल प्रस्तुत गरिएको छ ।

१. **सुर्यवहादुर आठपहरिया** ४८ वर्षिय व्यक्ति हुनुहुन्छ, उहाँले धनकुटा वहुमुखी क्याम्पसमा अध्ययन गरि वि.ए. पास गर्नुभएको छ र उहाँ सामाजिक काममा पनि उत्तीकै लागी पर्नु भएको देखिन्छ, उहाँको सानो परिवार चार(४) जनाको छ, उहाँको श्रीमतीले उहाँलाई खेतवारी तथा घरको काममा सहयोग गर्ने गर्नुहुन्छ । उहाँ विभिन्न संघसंस्थामा सकियताको साथ काम गर्नुहुन्छ, उहाँले आफ्नै आठपहरिया समाजमा पनि उस्तै सक्रिय रुपमा काम गरेको देखिन्छ । पहिले पहिले क्याम्पस पढ्नको लागि निक्कै संघर्ष गरियो, अध्ययनको लागि खर्च जुटाउनै गाह्रो थियो विभिन्न तरकारीहरु डोकोमा वोकेर वजारको ढोका–ढोका पुऱ्याउने गरिन्थ्यो, उहाँको घर ४नं. वडाको ठोका भन्ने ठाउँमा भएकोले ठोकाको काउली ढोका–ढोका भन्ने भनाई नै मैले वनाएको थिए भन्नुहुन्छ । अहिले त केहि आधुनिक प्रविधिहरुको प्रयोग गरिन्छ, तुलनात्मक रुपमा उब्जनी पनि राम्रो नै छ, मिनीटेलर, ट्याक्टर, टेम्पो घरमा नै जान्छ र वजार सम्म ल्याएर विकी गर्न सजिलो भएको छ, यो पेशावाट अहिले घर खर्च, छोराछोरीको पढाई खर्च, २–४ रुपैया चलाउन खाँचो नभएको कुरा उहाँ वताउनु हुन्छ । उहाँ भन्नुहुन्छ यहि पेशावाट प्राप्त भएको रकमको वचतवाट मोरङको कानेपोखरी गाउँपालिकामा १७ कठ्ठा जमिन खरिद गरिसकेको छ । समय अनुसारका नयाँ नयाँ प्रविधिको प्रयोग गर्दै विभिन्न वालीनालीको

उत्पादन गर्ने उहाँको विचार रहेको छ। आजभोली आठपहरिया समुदायमा पढेलेखेको युवा भएकोले विभिन्न गैरसरकारी संस्थाहरुबाट परिचालित समाज सुधार कार्यक्रमहरुमा उहाँको संलग्नता प्राय अनिवार्य नै हुन्छ । आठपहरियाहरुलाई अझै आधुनिक समाज तिर उन्मुख गराउने उहाँको लक्ष्य रहेको छ ।

२. **दिल कुमारीआठपहरिया,**४६वर्षिय महिला हो । उहाँको घरमा ६ जनाको परिवार छ । उहाँका श्रीमान् रोजगारका लागि विदेशमा गएका छन् । २ छोरीहरु र १ छोरा छन् । छोराछोरीहरु अध्ययनरत छन् । श्रीमान्को वैदेशिक रोजगारको आम्दानीबाट उहाँले छोराछोरी पढाउने कार्यमा खर्च गनुहुन्छ ,उहाँ आफै पनि विभिन्न गैरसरकारी संस्थाहरुबाट संचालित ऋण परिचालन तथा रकम जम्मा गर्ने समुहहरुमा आवद्ध भई आय मूलक कार्यहरुमा संलग्न भएको देखिन्छ । यसले गर्दा समाजमा उहाको आर्थिक स्तर सन्तोषजनक रहेको छ । उहाको रहनसहन र जीवनशैलिमा आधुनिकीकरणले.सकारात्मक प्रभाव पारेको महशुस हुन्छ ।

उहाँले तरकारी खेती गरेर तरकारी बिक्री गरी आएको रुपैयाले घर खर्च चलाउने गर्नुहुन्छ।उनले विभिन्न बेमौसमी, मौसमी, तरकारी लगाएर बजारमा बेचेर केही रकम वचत गर्न सफल हुनु भएको छ ।उहाँले भन्नुहुन्छ,तरकारी खेती गर्न दुख त गर्नै पर्छ । उनलाई यो व्यवसाय गर्न घरका परिवारले पनि सहयोग गरेका छन् । एक्लै गर्न त सकिदैन । आफ्नो जमिनमा गोलभेडा, काउली, वन्दा साग आदि तरकारी लगाएकी छु । उहाँले भन्नुहुन्छ अरुको तरकारी बजारमा निस्कनु भन्दा पहिले आफुले तरकारी निकालियो भने बढी फाइदा हुन्छ । यसरी आफुमा भएको आर्थिक प्रगतिका कुराले अन्य सामाजिक, सांस्कृतिक तथा सामुहिक स्तरका पक्षमा समेत सकारात्मक परिवर्तन भएको कुरामा विश्वास्त भएको कुरा बताउनु भयो । यस्तो काम नगर्दा आफ्नो आर्थिक स्थिती झनझन खस्किदै जाने र सामाजिक रुपमा अपहेलित भएर जिउनु पर्ने अवस्था आइलाग्न सक्थ्यो तर आफ्नो अग्रसरताबाट भएको आय आर्जन लगायतका कार्यक्रमबाट आज आफु आर्थिक, सामाजिक, शैक्षिक तथा अन्य क्षेत्रमा समेत सशक्त भएर आफ्नो ठाउँबाट अगाडि बढ्ने आँट र हौसला पाएको धारणासमेत बताउनु भयो । आठपहरियाहरुले केही आधुनिक प्रविधिको प्रयोग गरि तरकारी खेती, कुखुरा वा बाख्रा पालन गर्ने गरेकोले आफुले रोजेको आयआर्जनको कार्यक्रमलाई अगाडी बढाएको र आधुनिकीकरणले.सकारात्मक प्रभाव पारेको महशुस हुन्छ ।

यस प्रकार आठपहरिया समुदायको वैयक्तिक अध्ययनबाट के स्पष्ट भएको छ भने आधुनिकीकरणको  सकारात्मक प्रभाव पर्दै गएको देखिन्छ ।

# अध्याय : छ

# साराशं, निष्कर्ष र सुझाव

## ६.१ साराशं :

वर्तमान समाजमा आर्थिक असमानताको प्रवृत्ति निकै बढेर गएको छ । समाजमा धनी र गरिबी वृद्धिको प्रवृत्तिलाई हेर्दा धेरै मानिस गरिव हुँदै गएका छन् । कृषकहरुको सिमान्तीकरणको दर बढी रहेको छ । केहि व्यक्तिहरुको हातमा विश्व अर्थतन्त्र केन्द्रित हुँदै गइरहेको अवस्था छ । गाउँ र शहर बीच बढ्दै गइरहेको आर्थिक असमानता, जातजातिमा आएको वैमनस्यता, पूजिपति झन धनी हुँदै गएका र श्रमिकहरु गरिव बन्दै गएका छन् । यस अवस्थालाई हेर्दा अन्तराष्ट्रिय स्तरमा र एउटै राष्ट्रका गाउँ शहर बीच आर्थिक असमानता वृद्धि हुँदै गइरहेको छ । समाजमा रहेका विभिन्न जातजातिहरु बीचमा रहेको असमानताको खाडलले गर्दा समाजमा विकास द्रुत गतिमा बढीरहेको छैन । समाजको परिवर्तनसँग समाजमा रहेका तल्लास्तरका मानिसहरु वैदेशिक रोजगार तर्फ उन्मुख हुँदै गइरहेका छन् । उनीहरुको परम्परागत पेशा, उद्योग, व्यवसायहरुमा अप्रत्यक्ष अवरोध भएको पाइन्छ । यसरी समाजका निम्नस्तरका मानिसहरु वैदेशिक रोजगारतर्फ गएका कारण उनीहरुको समाजमा परिवर्तन आइरहेको छ । यहाँका आठपहरिया जातिहरुको आर्थिक, सामाजिक, साँस्कृतिक स्तर पहिलेको तुलनामा भिन्न देखिएको छ । पहिले निम्न स्तरको कार्य गरेर अरुको भरमा बाँच्न बाध्य भएका यिनीहरु आज विदेश र शहरी क्षेत्रमा बसोबास गर्न थालेका छन् । यिनीहरुमा विदेशी सरसमानहरुको मोह बढेर गएको छ । ग्रामिण क्षेत्रका आठपहरियाहरु पहिलेको अनुपातमा स्तरीय अवस्थामाछन ।

वर्तमान समाज वैदेशिक रोजगारतर्फ उन्मुख भइरहेको अवस्थाछ । विदेशी मुद्रालेआठपहरिया जातिमा उनीहरुको स्तर वृद्धि हुँदै गइरहेको छ । समाजमा भेदभावको भावना क्रमशः न्युन हुँदै गइरहेको छ । समाजका युवावर्गमा सबै सँगै बसेर कार्य गर्ने भावनाको विकास भएको छ । आठपहरिया राईहरुमा शिक्षातर्फ आकर्षण बढ्दै गएको छ । उनीहरुको रहनसहन, शिक्षा, स्वास्थ्यमा परिवर्तन आएको देखिन्छ । समाजका आठपहरिया समुदायका मानिसहरु कृषि पेशा छाडी वैदेशिक रोजगारमा जान थालेदेखि उनीहरुको संस्कृति र जिविकोपार्जनमा परिवर्तन आएको छ ।

नेपालमा प्रजातन्त्रको पुनवहाली पछि समग्र आठपहरिया समुदायका मानिसहरु आधुनिकीकरण तर्फ उन्मुख हुँदै गएका छन् । उनीहरुको आफ्नो परम्परागत खेतिपातीबाट परिवारको गुजारा नचल्ने देखे पछि वैदेशिक रोजगारलाई आफ्नो आयआर्जनको साधन बनाएका छन् । आठपहरिया समुदायका मानिसहरु आधुनिकीकरण तर्फ उन्मुख हुँदै गइरहेका छन् । उनीहरुले कृषि पेशाछाड्दै गइरहेका छन् । भारी बोकेर, अरुको काम गरेर जिविकोपार्जन गर्ने आठपहरियाहरु आफ्नो आर्थिक स्तर अभिवृद्धि गर्न विभिन्न खाडी देशहरुमा जान थालेका छन् । यसले गर्दा समाजमा उनीहरुको सामाजिक स्तर वृद्धि हुन गएको छ ।

नेपालमा आठपहरियाहरुको साक्षरता प्रतिशत राम्रो रहेको छ । यस अध्ययन क्षेत्र धनकुटा नगरपालिकाकोवडा नं.४ मा रहेका आठपहरियाहरुको साक्षरता प्रतिशतलाई अध्ययन गर्दा साक्षरता प्रतिशत ८२% रहेको छ भने निरक्षरता प्रतिशत १८% रहेको छ । जसमा महिलाहरुको साक्षरता प्रतिशत कम रहेको छ भने पुरुषहरुको साक्षरता प्रतिशत बढीरहेको छ । यस क्षेत्रका आठपहरियाहरु साक्षरता प्रतिशत समग्रमा बढी हुनुको मुख्य कारण वैदेशिक रोजागारले गर्दा र विभिन्न गैरसरकारी संघ/संस्थामा उनीहरु आवद्ध भई विभिन्न सिपमूलक कार्यमा संलग्न भएका हुनाले देखिएको छ ।

यस अध्ययन क्षेत्रका आठपहरियाहरुलाई पेशाका आधार हेर्दा कृषि पेशामा ३३ जना अर्थात ६६% रहेका छन् । परम्परागत पेशा जस्तै मौलिक परम्परगत घरेलु कपडा तयार गर्ने, डोको, नाम्लो, नाङलो र राडी पाखीहरु बनाउने काममा ५ जना अर्थात १०% रहेकाछन् । वैदेशिक रोजगारमा जम्मा ५ जना अर्थात १०% रहेका छन् । गैरसरकारी संस्थामा १ जना अर्थात २% रहेका छन् । यसबाट के स्पष्ट हुन्छ भने यहाँका आठपहरिया समुदायका मानिसहरु कुनै एउटा पेशामा निर्भर नरहेर विभिन्न पेशामा लागेका छन् ।

आठपहरिया जातिहरुको जग्गा जमिनमा उनीहरुको पहुँचलाई हेर्दा सवैका नाममा धेर थोर भएपनि नम्मरी जग्गा रहेको छ । ५ रोपनीसम्म जग्गा भएका १५ जना अर्थात ३०% प्रतिशत रहेका छन् । त्यसै गरी ६ देखि १० रोपनी जग्गा हुने १६ जना अर्थात ३२% रहेका छन् । ११ देखि १५ रोपनी जग्गा हुने ७ जना अर्थात १४% रहेका छन् । १६ देखि २० रोपनी जग्गा हुने ४ जना अर्थात ८% रहेका छन् । २१ देखि २५ रोपनी जग्गा हुने ५ जना अर्थात १०% रहेका छन् । त्यस्तै २६ देखि ३० रोपनी जग्गा हुने ३ जना अर्थात ६ प्रतिशत रहेका छन् ।

यसबाट के स्पष्ट हुन्छ भने केहि आठपहरिया जातिहरुको जग्गामा पहुँच राम्रो नै छ । केहि आठपहरियाहरुलाई आफ्ना जग्गाबाट आंशिक रुपमा खान पुग्छ भने केहिलाई आफ्नो जग्गाबाट नै वर्ष भरी खान पुग्छ ।

यस अध्ययन क्षेत्रका आठपहरिया जातिहरुको परम्परागत पेशामा आएको परिवर्तनको अवस्थालाई अध्ययन गर्दा आफ्नो आर्थिक अवस्था कमजोर भएका कारणले पेशामा परिवर्तन आएको बताउने १० जना अर्थात २०% रहेका छन् त्यसैगरी सामाजिक रुपमा अपमानित महसुस भई अरु आयमूलक पेशा अपनाएको बताउने १० जना अर्थात २०% रहेका छन् । त्यसै गरी वैदेशिक रोजगारको कारण २० जना ४०% र मिश्रित वसाईको कारण ५ जना अर्थात १०% रहेका छन् । त्यसै गरि प्रविधिमा आएको विकासका कारण ५ जना अर्थात १० प्रतिशत रहेका छन् ।

यस अध्ययन क्षेत्रका आठपहरिया जातिहरुको आर्थिक र सामाजिकस्तरमा आएको परिवर्तनलाई अध्ययन गर्दा २० जना अर्थात ४०% ले उनीहरुको स्तर न्यून बताएका छन् । यसै गरी आफ्नो स्तर मध्यम रहेको बताउने ३० जना अर्थात ६०% रहेका छन् ।

यस अध्ययन क्षेत्रका आठपहरिया जातिहरुको उमेर समूहलाई अध्ययन गर्दा १५-३० वर्ष उमेर समूहमा १० जना अर्थात २०% उत्तरदाताले आफ्नो सहि जवाफ प्रस्तुत गरेका छन् । त्यसै गरी ३१-४५ वर्ष उमेर समूहमा सबैभन्दा बढी २० जना अर्थात ४०% उत्तरदाता रहेका छन् । सबैभन्दा कम उत्तरदाता क्रमशः ७६ देखि माथि वर्ष उमेर समूहमा ४ जना अर्थात ८% रहेका छन् ।

अध्ययन क्षेत्रका आठपहरिया जातिहरुको लैङ्गिक आधारमा जनसंख्या हेर्दा ५० जनालाई नमूना छनौटमा लिइएकोमा पुरुषको जनसंख्या २४ जना अर्थात ४८% रहेका छन् भने महिलाको जनसंख्या २६ जना अर्थात ५२% रहेका छन् । यस अध्ययनमा पुरुषको संख्या कम हुनामा उनीहरु धेरै जसो रोजगारका लागि विदेश गएकोले नमूना छनौट गर्दा यसो हुन गएको हो ।

यस अध्ययन क्षेत्रका आठपहरिया जातिहरुको वर्षभरी खान पुग्ने नपुग्ने अवस्थालाई अध्ययन गर्दा खान पुग्ने २६ जना अर्थात ५२% रहेका छन् भने १०-११ महिना खान पुग्ने ७

जना अर्थात १४% रहेका छन् । ७-९ महिना खान पुग्नेको संख्या १५ अर्थात ३०% रहेका छन् । ४-६ महिना खान पुग्नेको संख्या २ जना अर्थात ४% रहेका छन् । ३ महिना मात्र खान पुग्नेको संख्या ०% रहेको छ । यस अध्ययन क्षेत्रका आठपहरिया राई जातिको वर्षभरी खान पुग्ने/नपुग्ने अवस्थालाई हेर्दा बहुसंख्यक आठपहरिया राई जातिहरुलाई वर्षभरी नै खान पुग्छ ।

यस अध्ययन क्षेत्रका आठपहरिया जातिको कृषि पेशाको अवस्थाको बारेमा उनीहरुको धारणा अध्ययन गर्दा ५ जना अर्थात १०% ले सन्तोषजनक रहेको बताएका छन् । ३० जना अर्थात ६०% उत्तरदाताले आठपहरिया जातिको कृषि पेशा संकटग्रस्त रहेको बताएका छन् । उनीहरुको परम्परागत पेशा ठिकै छ भन्ने ६ जना अर्थात १२% रहेका छन् । परम्परागत पेशा छोडी सकेको वा थाहा नभएको  भन्ने ५ जना अर्थात १०% रहेका छन् । कृषि पेशाले परिवार धान्न मुश्कील परेकोले अन्य पेशामा लाग्न बाध्य भएको बताउने ४ जना अर्थात ८% रहेका छन् ।

अध्ययन क्षेत्रमा उनीहरुको अवस्थालाई अध्ययन गर्दा आठपहरिया जातिहरु आधुनिकीकरण तर्फ अग्रसर भएको देखिन्छ । आधुनिकीकरण र गैरसरकारी संघ/संस्थाहरुको कारणले गर्दा आठपहरिया राई जाति समुदायमा शिक्षा, स्वास्थ्य, सामाजिक, आर्थिक, राजनैतिक क्षेत्रमा पहुँच बढ्न थालेको छ । महिला पुरुष दुवै संघ/संस्थामा लागेर तर्क वितर्क गर्ने, गाउँपालिका परिषद्मा बजेट माग्ने काम गर्न थालेका छन् । विद्यालय व्यवस्थापन समितिमा रहेर विद्यालयको शैक्षिक सुधारमा काम गर्न थालेका छन् विभिन्न राजनीतिक पार्टीको सम्मेलनमा पनि यहाँका आठपहरिया जाति समुदायका मानिसहरुको सहभागिता बढेको छ । हालको स्थानिय तहको निर्वाचनमा ४ वटा वडाको वडा अध्यक्ष पदमा आठपहरिया जातिहरु विजयी भएर कामकाज गरिरहेको अवस्था छ, साथै समाजका हरेक कियाकलापमा उनीहरुको सहभागीता दिनप्रतिदिन वढेकोले गर्दा आठपहरियाहरुलाई आधुनिकताले धेरै मात्रमा प्रभाव पारेको छ भन्ने कुरा स्पष्ट वनाएको देखिन्छ ।

तसर्थ आठपहरिया राई जाति समुदायमा प्रजातन्त्रको पुनरवहाली पछि पेशा र रोजगारीमा धेरै परिवर्तन आइसकेको छ । वैदेशिक रोजगार र गैरसरकारी संस्थाहरुले गर्दा उनीहरुको रहनसहन, जिविकोपार्जन, सामाजिक, साँस्कृतिक, शैक्षिक, राजनैतिक परिवर्तनको क्षेत्रमा ठूलो फड्को मारी सकेका छन् ।समग्रमा भन्नु पर्दा आठपहरिया राई जातिहरु समाज

सुधारका हरेक क्षेत्रमा सहकार्य गर्न थालेका छन् हरेक सामाजिक संस्थाहरुमा आठपहरिया राई जातिहरुको उपस्थिति रहेको छ । आठपहरिया राई जातिकामानिसहरुमा सहकार्य बढ्न थालेको छ ।

## ६.२ निष्कर्ष :

यस समाजमा विभिन्न जातजातिका मानिसहरुको बसोबास रहेको छ । यस्ता जात जातिहरुका आ-आफ्नै पेशाहरु छन् । यस्ता आठपहरिया समुदायका मानिसहरुले अपनाउने पेशाहरुमा व्यापक रुपमा परिवर्तन आइरहेको छ । यसो हुनुमा आधुनिकीकरणको प्रभाव नै हो ।

यस क्षेत्रका आठपहरियाअल्पसख्यकजाति समुदायका मानिसहरुको बारेमा धेरै अनुसन्धानकर्ताले अध्ययन गरेका भए पनि यहाँका आठपहरिया समुदायका मानिसहरुको कृषि पेशा संकटमा परेको हुनाले र आधुनिकीकरणले गर्दा उनीहरु विभिन्न पेशातर्फ आकर्षित हुन थालेका छन् । विभिन्न गैरसरकारी संस्थाहरुको सहयोगमा उनीहरुले कम ब्याजमा ऋणप्राप्त गरी व्यापार तथा पशुपालन गरी जिविकोपार्जन गर्न थालेका छन् । आधुनिकरणले गर्दा आठपहरिया जाति समुदायका मानिसहरु मलेसिया, दुवई, साउदी अरब आदि देशहरुमा वैदेशिक रोजगारका लागि जान थालेका छन् । उनीहरुमा समसामयिक अवस्थाको बारेमा चेतना आएको छ ।

सामाजिक अध्ययनको विश्व व्यवस्थात्मक उपागमन अनुसार उत्पादन संरचनामा परिवर्तन आएको छ । प्रत्येक समाजमा सामाजिक, आर्थिक, राजनैतिक संरचनाहरु विश्व अर्थतन्त्रबाट प्रभावित हुन थालेका छन् । अध्ययन क्षेत्रका आठपहरिया जातिहरु पनि यसै सिद्धान्त अनुसार परम्परागत पेशा छाडी वैदेशिक रोजगारका लागि विभिन्न देशहरुमा जान थालेका छन् । उनीहरुले विभिन्न गैरसरकारी संस्थाबाट कम ब्याजमा ऋण लिएर व्यापार तथा पशुपालन गर्न थालेका छन् ।  यसले गर्दा उनीहरुको आर्थिक अवस्थामा सुधार आउन थालेको छ ।

मानिसले आफ्नो चाहनालाई सामाजिक वातावरण अनुसार परिवर्तन गरी आफू बसेको ठाउँमा जे जस्तो सुविधा छ, त्यसलाई अगाल्ने कोशीस गर्दछ । आठपहरिया जाति समुदायले पनि परिवर्तनहरुलाई आत्मसात गर्दै आफूलाई स्थानिय समाजलाई सहज बनाउन पुराना

परम्पराहरुलाई त्यागेर नयाँ अवसर र संस्कारहरुलाई अंगालेको पाइन्छ । अध्ययन क्षेत्रका आठपहरिया जातिहरु पनि समाजमा आएको परिवर्तन, वैदेशिक रोजगार र गैरसरकारी संस्थाहरुले सिकाएको कुराहरुबाट परिवर्तित भएर पुरानो संस्कार, परम्परा र परम्परावादी पेशाहरु त्यागी शुलभकामहरु गर्ने, सिपमूलक कामहरु तिर आकर्षित हुने र वैदेशिक रोजगारतर्फ जान थालेका छन् । समाजमा सम्मानित जीवन बाँच्नका लागि अधिकारको कुरा गर्न थालेका छन् । सामाजिक परिवर्तन हुदै गएकोले आर्थिक उन्नतिमा यसले फड्को मारेको छ ।

गैरसरकारी संस्थाहरुबाट संचालित विभिन्न महिला केन्द्रित आय आर्जन कार्यहरुमा महिलाहरुको सक्रियता बढेको छ । बाहिरी मानिसको सम्पर्कमा आउन थाले पछि आठपहरिया समुदायका महिला पनि टाठा बाठा हुन थालेका छन् । कुनै पनि छलफलका विषयमा तर्क वितर्क गर्न थालेका छन् । महिलाको अधिकारको बारेमाआवाज उठाउन थालेका छन् । महिलाहरुको छुट्टै समुह बनाएर बचत गर्न लगाउने र नियमित बैठक बस्न लगाउने गर्नाले नाम लेख्न र बचत गरेको रकमको अंक चिन्न थालेका छन् । उनीहरुमा शिक्षा तर्फ सचेतना बढेको छ । उनीहरुको जीवनशैली, रहनसहन, लवाई खवाई तिर आधुनिकीकरणको प्रभाव परेको देखिन्छ ।

निष्कर्षमा के भन्न सकिन्छ भने अध्ययन क्षेत्रका आठपहरिया समुदायमा वैदेशिक रोजगारको अनुभव र संघ/संस्थाको क्रियाकलापले गर्दा उनीहरुको लवाइखुवाई, शैक्षिक अवस्था, विभिन्न संस्कारहरु, आर्थिक क्रय शक्तिको क्षमता, परम्परागत पेशा र रोजगारीमा समेत परिवर्तनहरु प्रशस्त देखिएको छ । उनीहरुमा आएको परिवर्तनलाई संस्थागत गर्दै सामुहिक रुपमा उनीहरुलाई राष्ट्र विकासको मूल प्रवाहमा ल्याउनका लागि अझै पनि सम्मान जनक व्यवहार गरी अवसरहरु दिनु पर्ने देखिन्छ ।

धनकुटा जिल्लामा बसोबास गर्ने आठपहरिया राई आदिबासी नै हुन् । आफ्नै समाजमा धेरै र बाहिरी भौगोलिक परिबेशमा खासै घुलमिल हुन नसकेका यिनीहरूको सांस्कृतिले जीवन्त पाएको छ । समाज नै बिखण्डन हुने मान्यताहरू बहिस्कृत गर्ने आठपहरिया राईहरूको लिखित ऐतिहासिक दस्ताबेज प्राप्त छैन । तसर्थ, यस जातिको बारेमा गहन रूपमा खोजी तथा अनुसन्धान गर्नु पर्ने देखिन्छ ।

## ६.३ सुझाव :

अध्ययन क्षेत्रका आठपहरिया राई जातिहरु मध्ये कृषि पेशा गर्दै आएका छन् । धेरै जसो आठपहरिया राई जातिहरु आफ्नो परम्परागत मौलिक घरेलु कपडा तयार गर्ने, कृषि, डोको, नाम्लो, नाङलो, राडीपाखी पेशामा सन्तुष्ट नभै वैदेशिक रोजगारका लागि विभिन्न देशहरुमा गएका छन् । शिक्षा र सिपको अभावमा विदेशमा उनीहरुले राम्रो काम पाएका छैनन् । कृषि पेशालाई समय सापेक्ष आधुनिकीकरण गर्न नसक्दा बजारमा प्रतिष्पर्धा गर्न सकिरहेका छैनन् । यसले गर्दा उनीहरु आफ्नो कृषि पेशाबाट पलायन भै रहेका छन् । अध्ययन क्षेत्रमा विभिन्न गैरसरकारी संस्थाहरुबाट आठपहरियाहरुलाई विभिन्न शिर्षकमा व्याजमा ऋण उपलब्ध गराइ रहेका छन् । तर उचित निगरानीको अभावमा उनीहरुले उक्त रकम आयआर्जन कार्यमा लगानी नगरी दुरुपयोग गरिरहेका छन् । जसले गर्दा ऋणको बोझमा उनीहरुले जीवन बिताइरहेका छन् ।

सरकारी सेवामा आठपहरिया राई जातिहरुको पहुँच कम नै छ । यसले गर्दा समाजमा उनीहरु अन्य जातिको स्तरमा पुग्न सकेका छैनन् । आठपहरियाजातिहरु बीच पनि उँच-निचको भावना नभएको पाइन्छ । आठपहरिया राई जातिहरुको नाउँमा कार्यरत गैरसरकारी संस्थाहरुले पनि हचुवाको भरमा आठपहरिया जातिहरुलाई ऋण प्रवाह गरिरहेका छन् । उचित शिर्षकमा ऋणबाट प्राप्त रकम उपयोग गर्न नसक्दा उनीहरुको आर्थिक स्तर अन्य जातिको दाँजोमा पुग्न सकेको छैन । त्यसैले अध्ययन क्षेत्रका आठपहरिया अल्पसख्यक जातिहरुको परम्परागत सीप र रोजगारको अवस्थालाई आधुनिकीकरणले पारेको प्रभावका बारेमा निम्न लिखित सुझाव दिन चाहन्छु ।

### ६.३.१ राज्यतर्फबाट गर्नु पर्ने :

- ❖ राज्यतर्फबाट आठपहरिया जाति समुदायबाट संचालित मौलिक परम्परा बोकेका पेशाका लागि लाग्ने सरकारी प्रोत्साहन दिनुको साथै ट्याक्स मिनाहा गर्नु पर्ने देखिन्छ ।
- ❖ आठपहरिया जातिहरुलाई आर्थिक रुपमा आत्मानिर्भर बनाउन सरकारले बिना धितो ऋण उपलब्ध गराउनु पर्दछ ।
- ❖ आठपहरिया जातिहरुले गर्ने परम्परागत पेशामा आधुनिकीकरण गर्न र बजारमा प्रतिस्पर्धा गर्न निशुल्क आवस्यक तालिमको व्यवस्था सरकारी तर्फबाट गर्नु पर्दछ।
- ❖ आठपहरिया जातिका बालबालिकाहरुलाई पढाई प्रति आकर्षित गराउन विभिन्न सेवा सुविधाहरु उपलब्ध गराउनु पर्दछ ।

### ६.३.२ गैरसरकारी संस्थाबाट गर्नु पर्ने :

- ❖ समाजमा विभिन्न संघ संस्थाहरुले आठपहरिया जातिका नाममा संस्था खोलेता पनि आठपहरिया जातिहरु अवसरबाट बञ्चित भएका छन् । त्यसैले त्यस्ता गैरसरकारी संस्थाहरुमा आठपहरियालाई प्रोत्साहन गर्नु पर्ने देखिन्छ ।
- ❖ समाजमा रहेका विभेदलाई समन्वय गरी यस्ता संस्थाले आठपहरिया जातिको आर्थिक उन्नतीका लागी पहल गर्नुपर्ने देखिन्छ ।
- ❖ गैरसरकारी संस्थाहरुले आठपहरियाहरुको लागि जुन उद्देश्यले संस्था खोलेका हुन त्यही उद्देश्य पूरा गरी समाज रुपान्तरणमा भूमिका खेल्नु पर्ने देखिन्छ ।
- ❖ वैदेशिक रोजगारबाट आर्जित रकमलाई आयआर्जन कार्यमा लगाउनका लागि आठपहरिया जातिहरुलाई विभिन्न प्रकारका तालिमहरुको आयोजना गर्नु पर्दछ ।

### ६.३.३ नागरिक समाजका तर्फबाट गर्नु पर्ने :

- ❖ समाजमा अझै पनि विभेद रहेको छ । आठपहरिया जातिहरुलाई अन्य जातीहरुले हामी भन्दा कमजोर हुन भनी अलि अपहेलना गर्ने, हेयको दृष्टिले हेर्ने गरेकोले आठपहरिया

जातिहरु आफूलाई अपमानित महसुस गरेकोले स्थानिय नागरिक समाजले यस्ता प्रवृत्ति माथि रोक लगाउँदा जनचेतनामूखी कार्य गर्नु पर्ने देखिन्छ ।

❖ नागरिक समाजले समाजमा भएका विभेदकारी नीतिनियमलाई वा समाजमा भएका अनैतिक, अविवेचारी कार्यलाई चेतनाका माध्यमबाट समाप्त गर्ने खालका कार्य गर्नु पर्ने देखिन्छ ।

### ६.३.४ आठपहरिया राई जातिका स्वयमका तर्फबाट गर्नु पर्ने

❖ आठपहरिया जातिहरु स्वयम्ले रकम संचित गर्नु पर्ने देखिन्छ ।

❖ आठपहरिया जातिहरुले आफ्नो परम्परागत पेशालाई आधुनिकीकरण गर्न नसक्दा बजारमा प्रतिस्पर्धा गर्न सकिरहेका छैनन् । जसले गर्दा उनीहरुको परम्परागत पेशा संकटमा छ । तसर्थ उनीहरुले आफ्नो पेशालाई आधुनिकीकरण गर्दै बजारमा प्रतिस्पर्धा गर्नु पर्ने देखिन्छ ।

❖ आठपहरिया जातिहरु आफैपनि आधुनिकीकरणलाई आत्मसात गर्दै हिड्ने, बालबालिकाहरुलाई कडाइकासाथ विद्यालय पठाउने र उनीहरुको पढाईप्रति सचेत हुनु पर्दछ ।

❖ आठपहरिया जातिकाहरुले विभिन्न गैरसरकारी संस्थाबाट प्राप्त ऋण तथा वैदेशिक रोजगारबाट आर्जित रकमलाई आय आर्जनका लागि सदुपयोग गर्ने बानीको विकास गर्नु पर्दछ ।

❖ आठपहरिया जातिमा चेतनाको व्यापक प्रचार प्रसार गर्नु पर्दछ । कुनै एकले गरेको राम्रो कामको सिको अरुहरुले पनि गर्न सक्नु पर्छ ।

परिशिष्ट

उत्तरदाताको नामावली

| सि.नं. | नाम थर | उमेर | ठेगाना |
|---|---|---|---|
| १. | लाल वहादुरआठपहरिया | ५८ | वडा नं. ४ |
| २. | पुष्पलाल आठपहरिया | ६३ | वडा नं. ४ |
| ३. | मान वहादुर आठपहरिया | ७८ | वडा नं. ४ |
| ४. | पुष्पा आठपहरिया | ४२ | वडा नं. ४ |
| ५. | कमला आठपहरिया | ३२ | वडा नं. ४ |
| ६. | काली माया आठपहरिया | ६६ | वडा नं. ४ |
| ७. | गजेन्द्र आठपहरिया | ३५ | वडा नं. ४ |
| ८. | सहनलाल आठपहरिया | ४८ | वडा नं. ४ |
| ९. | गोविन्द वहादुर आठपहरिया | ३६ | वडा नं. ४ |
| १०. | दिल कुमारी आठपहरिया | ४६ | वडा नं. ४ |
| ११. | मान वहादुर आठपहरिया | ६५ | वडा नं. ४ |
| १२. | वृष वहादुर आठपहरिया | ४५ | वडा नं. ४ |
| १३. | वल वहादुर आठपहरिया | ५० | वडा नं. ४ |
| १४. | रास्ती आठपहरिया | ३८ | वडा नं. ४ |
| १५. | देवी आठपहरिया | ४४ | वडा नं. ४ |
| १६. | टीका माया आठपहरिया | ३९ | वडा नं. ४ |
| १७. | निर्मला आठपहरिया | ५२ | वडा नं. ४ |
| १८. | बाला आठपहरिया | ४२ | वडा नं. ४ |
| १९. | वखत वहादुर आठपहरिया | ४५ | वडा नं. ४ |
| २०. | जित वहादुर आठपहरिया | २९ | वडा नं. ४ |
| २१. | राज्य मान आठपहरिया | ३० | वडा नं. ४ |
| २२. | राजामान आठपहरिया | २५ | वडा नं. ४ |

| | | | |
|---|---|---|---|
| २३. | प्रेम वहादुर आठपहरिया | ८४ | वडा नं. ४ |
| २४. | जम्शेर आठपहरिया | ३५ | वडा नं. ४ |
| २५. | धर्मश्वर आठपहरिया | ५८ | वडा नं. ४ |
| २६. | प्रविन आठपहरिया | १९ | वडा नं. ४ |
| २७. | अगमशेर आठपहरिया | ३२ | वडा नं. ४ |
| २८. | रामचन्द्र आठपहरिया | १८ | वडा नं. ४ |
| २९. | गोविन्द वहादुर आठपहरिया | ६६ | वडा नं. ४ |
| ३०. | राम कुमारी आठपहरिया | ६३ | वडा नं. ४ |
| ३१. | फरश्वरी आठपहरिया | ७६ | वडा नं. ४ |
| ३२. | सावित्रा आठपहरिया | ५० | वडा नं. ४ |
| ३३. | रानीश्वरी आठपहरिया | ८४ | वडा नं. ४ |
| ३४. | इन्द्र कुमारी आठपहरिया | २४ | वडा नं. ४ |
| ३५. | पुर्णमाया आठपहरिया | ६० | वडा नं. ४ |
| ३६. | भिममाया आठपहरिया | ४३ | वडा नं. ४ |
| ३७. | अर्चना आठपहरिया | १९ | वडा नं. ४ |
| ३८. | मन कुमारी आठपहरिया | ३२ | वडा नं. ४ |
| ३९. | शिवोत्री आठपहरिया | २५ | वडा नं. ४ |
| ४०. | आस्मा आठपहरिया | ४२ | वडा नं. ४ |
| ४१. | कमला आठपहरिया | २४ | वडा नं. ४ |
| ४२. | फुलमाया आठपहरिया | ३३ | वडा नं. ४ |
| ४३. | मीना आठपहरिया | ३१ | वडा नं. ४ |
| ४४. | सिता कुमारी आठपहरिया | ३५ | वडा नं. ४ |
| ४५. | दिल वहादुर आठपहरिया | ५६ | वडा नं. ४ |
| ४६. | आइत माया आठपहरिया | ७५ | वडा नं. ४ |
| ४७. | सुर्य वहादुर आठपहरिया | ४० | वडा नं. ४ |

| | | | |
|---|---|---|---|
| ४८. | डम्वर वहादुरआठपहरिया | ३८ | वडा नं. ४ |
| ४९. | पदम आठपहरिया | ५० | वडा नं. ४ |
| ५०. | खड्गकुमारी आठपहरिया | ४० | वडा नं. ४ |

<u>सन्दर्भग्रन्थ सूची</u>


अधिकारी रामप्रसाद (सन्२००५), जातिय छोइछिटो प्रथा, एक्सन एड नेपाल

आचार्य बलराम  (वि.स.२०५७), सामाजिक संस्था र प्रकृयाको समाज शास्त्रीय विश्लेषण, नेशनल बुक सेन्टर, काठमाण्डौ

आचार्य,बलराम वि.स. २०५८ अनुसन्धान पद्धति तथा प्रतिवेदन लेखन

क्प्लान ए. पाटिसिया (सन्१९७२), प्राइष्ट एण्डको ब्लार्स, इन्टेक्स पब्लिसर, लण्डन

केन्द्रीय तथ्याङ्क विभाग (२०६८), पपुलेसन सेन्सस अफ नेपाल, काठमाडौ

कोइराला हेमजुरी (सन् २०००), आर्थिक सामाजिक सन्दर्भ भित्र दलित महिला, दलित महिला संघ काठमाडौ

कोथरी, सि.आर. (सन् १९९५), रिसर्थ मेथोडोलोजी मेथड्स एण्ड टेक्नक्व, सेकेन्ड एडिसन,

चेम्जोङ, इमानसिंह (सन् १९६७) इसिलिम

धनकुटा -(वि.स.२०६८), गाउँ शिक्षा सुधार योजना, धनकुटा द्धारा प्रस्तुत जिल्ला विकास समितिको कार्यालय

धनकुटा -वि.स. २०७४), जिल्ला पार्श्वचित्र, धनकुटा

धुरियार, जि.एस.(सन् १९७४), काष्ट एण्ड रेस इन इन्डिया,

नेपाल सरकार कानुन मन्त्रालय (वि.स.२०५८),नेपाल मुलुकी ऐन, एधारौ संसोधन, कानुन मन्त्रालय काठमाडौ

नेपाली, गोपाल सिंह (सन् १९६५), द नेवार, युनाइटेड एशिया पब्लिकेशन, बम्बई

पाण्डेय,  मधुसुधन -वि.स.२०६६), नेपालका दलितहरु, पैरवी प्रकाशन, काठमाडौ

पोखरेल, ईश्वर वि.स. २०६३, सामाजिक अनुसन्धान पद्धति

विष्ट, डोरबहादुर (वि.स.२०३०), सवै जातको फुलवारी, साझा प्रकाशन काठमाडौ

विष्ट, डोरबहादुर (सन् १९९९), फाटालिज्म एण्ड डेभलपमेन्ट, ओरिएन्टेड लङ्गम्यान लिमिटेड, इन्डिया

भट्टचन, के. एण्ड मिश्र सि. (सन् १९९९), डेभलपमेन्ट प्राक्टिस इन नेपाल,

किर्तिपुर डोस टि.यु. काठमाडौ नेपाल

माबुहाङ, बालकृष्ण(वि.स.२०६४) इसिलिम

मेकामेलिन, कम्पनी, एण्ड द फ्रि फिस, इनसाइकोलापिडिया अफ सोसियर साइन्स,

(सन् १९६४) मेकामेलिन भोलम ५ न्युयोर्क

मोनि एण्ड रेइली (सन् १९८७), ओरगनाइजेसन एण्ड साइकोलोजी, किताव महल इलाहवाद भारत

मोहन, कुमार सन् २००४, समाजको अध्ययन, पिउस बुक पब्लिकेसन प्रा.लि. काठकाडौ

विन्स, स्टेफेन पि. सन् १९८५, द एडमिनिस्टेटिम प्रोसेस, सकेण्ड एडिसन न्यु दिल्ली प्राक्टिस हलएफ इन्डिया

शर्मा, नागेन्द्र वि.स. २०३२, नेपाली जनजीवन, द्धितिय संस्करण साझा प्रकाशन काठमाडौ

## अनुसूची –१

### आठपहरिया जातिका व्यक्तिहरुलाई राखिएको प्रश्नहरुको प्रश्नावली

१. आठपहरिया जातिहरुको नामाकरण कसरी भयो ?
२. आठपहरिया जातिहरु कुन स्थानबाट यस स्थानमा कसरी आई पुगेका हुन ?
३. आठपहरिया जातिहरुका थरहरु कति प्रकारका छन ?
४. आठपहरिया जातिहरुले कुन कुन चार्डपर्वहरु मनाउनु हुन्छ ?
५. तपाईहरु सांकृतिक चार्डपर्व कसरी कसरी मनाउनु हुन्छ ?
६. तपाईहरु कतिलाई आठपहरिया भाषा बोल्न आउछ ?
७. तपाईले कतिसम्मको अध्ययन पुरा गर्नु भएको छ ?
८. आफ्नो जाति भित्र कुरा कानी गर्दा कुन भाषा बोल्ने गर्नु भएको छ ?
९. तपाई आठपहरिया जातिहरु कुन धर्म मान्नु हुन्छ ?
१०. तपाईले आफ्नो समुदायमा कस्तो कस्तो कार्यहरु गर्नु भएको छ ?
११. आठपहरिया जातिको भेषभुषाको वारेमा बताई दिनुहोस न ?
१२. तपाई आठपहरिया जातिका कति मानिसहरुले पुर्खौली पेशा अपनाउनु भएको छ ?
१३. तपाईहरुले मनाउने मंसिरे चार्ड कसरी मनाउनु हुन्छ ?
१४. तपाईहरुको जातिमा वैदेशिक रोजगारले कस्तो प्रभाव पारेको छ ?
१५. तपाई आठपहरिया जातिहरु कतिले कृषि पेशा अपनाउनु भएको छ र आफुले उत्पादन गरेका सामान कहाँ लगेर बिक्री गर्नु हुन्छ ?
१६. यस क्षेत्रमा कति संख्यामा आठपहरिया जाति बसोबास गर्नु हुन्छ ?
१७. तपाई आठपहरिया जातिमा पहिले र अहिलेको अवस्थामा कतिको परिवर्तन आएको पाउनु हुन्छ ?
१८. तपाईहरुको जाति भित्र के कस्ता संस्थाहरुले के कस्ता कार्यक्रमहरु संचालन गरेका छन?
१९. तपाईले आफ्नो परिवारको खर्च कसरी धान्ने गर्नु भएको छ ?
२०. आफ्ना छोरा छोरीले सरकारी वा निजी विद्यालयमा पढाउनु हुन्छ ?
२१. तपाई आफ्नो जाति भित्र सरकारी क्षेत्रबाट कस्ता कार्यक्रम आए हुन्थ्यो जस्तो लागेको छ ?
२२. तपाई आफ्नो खेतिमा कस्तो आधुनिक प्रविधीको प्रयोग गर्नु हुन्छ ?

## अनुसूची–२

## वैयक्तिक अध्ययनका व्यक्तिसँगको अन्तरवार्ता

नामः–

थरः–

उमेरः–

लिङः–

शिक्षाः–

उमेरः–

नगरपालिका :–

टोल :–

१. आठपहरिया जातिको समाज सुधारका लागि कस्ता कस्ता कार्यहरु गर्नु भएको छ ?

२. तपाईको घर व्यवहार चलाउनका लागि के कस्ता कार्यहरु गर्नुहुन्छ ?

३. कस्तो प्रकारका खेतिपाती लगाउनु भएको छ र के कस्ता आधुनिक औजारको प्रयोग गर्नुभएको छ ?

४. आठपहरिया जातिहरुले कुन कुन चार्डपर्वहरु मनाउनु हुन्छ ?

५. तपाईहरु सांकृतिक चार्डपर्व कसरी कसरी मनाउनु हुन्छ ?

६. आठपहरिया जातिले परम्परागत रुपमा मान्दै आएका संस्कारहरु र हाल आएको परिवर्तनका बारेमा बताई दिनुहोस ?

७. आठपहरिया जाति समाजमा गैरसरकारी संस्थाले के कस्ता कार्यहरु गरी आएका छन ?

# अनुसूची –३

## उत्तरदातासंग सोधिएका प्रश्नहरुको रुजु सूचि

| क.स. | घरमुलीको नाम | जनसंख्या | | | पेशा | | | | पारिवारिक संरचना | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | महिला | पुरुष | जम्मा | खेती | नोकरी | अन्य | जम्मा | एकल | संयुक्त | जम्मा | हिन्दु | बौध | |
| | | | | | | | | | | | | | | |

| क.स. | विवरण | शिक्षा | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | साक्षर | | निरक्षर | | जम्मा | प्रतिशत |
| | | महिला | पुरुष | महिला | पुरुष | | |